# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३४१ | काठमाडौं | आइतबार, २४ चैत २०८१ | Prabhab National Daily | Sunday, April 06, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## किन बढ्दै छ वायु प्रदूषण ?



अहिले कतिपय बेलामा वायु प्रदूषणको अवस्था ३०० एक्युआई कटेको छ । ३०० कट्नेबित्तिकै विपद्को अवस्था घोषणा गर्नुपर्ने मापदण्ड छ । प्रदूषण वृद्धिको अवस्था हेरेर आपत्कालीन अवस्था घोषणा गर्न सरकार अब तयार हुनुपर्छ ।

■ **भूषण तुलाधार**
वातावरणविद्

■ **प्रगति ढकाल**

**काठमाडौं–** वायु प्रदूषणका कारण काठमाडौं उपत्यका केही दिनयता विश्वकै पहिलो प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ । 'एयर क्वालिटी इन्डेक्स' को तथ्यांक हेर्दा शनिबार रातिसम्ममा पनि पहिलो प्रदूषित सहरका रूपमा सूचीकृत भई वायु प्रदूषण २५२ एक्युआई कायम रहेको थियो । यसअघि ३०० एक्युआईभन्दा माथि पुगेको थियो, जुन खतरनाक तह मानिन्छ ।

प्रदूषण बढेसँगै विभिन्न सरकारी निकायदेखि वातावरणविज्ञ तथा चिकित्सकले विशेष चासो दिँदै सतर्कता अपनाउन र अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन अनुरोध गरेका छन् । प्रधानमन्त्रीकोसमेत जिम्मेवारी सम्हालेका उपप्रधानमन्त्री प्रकाशमान सिंहले बिहीबार सरोकारवालासँग भेट गरी प्रदूषणलाई कसरी रोक्ने ? र असर कम गर्ने विषयमा छलफल गरेका थिए । बिहीबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विज्ञप्ति नै जारी गर्दै उपत्यकामा वायु प्रदूषण बढेसँगै उच्च सतर्कता अपनाउन आग्रह गरेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

# ओलीको थाइल्याण्ड भ्रमणः चर्चामा भने थाइ प्रधानमन्त्री !

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओली मंगलबार थाइल्याण्डको औपचारिक भ्रमणमा पुगे । भोलिपल्टै ओलीको भेट समकक्षी पेतोङतान शिनावातसँग भएको तस्बिर र भिडियो सामाजिक सञ्जालमा छायो । यही तस्बिर र भिडियोका कारण नेपालीमाझ थाइ प्रधानमन्त्री शिनावात छाएकी छन् ।

कारण उनको उमेर । थाइ प्रधानमन्त्री शिनावात भर्खरै ३८ वर्ष पुगेकी छन् । नेपालका प्रधानमन्त्री ओली भने ७३ वर्ष । 'मात्र १९- २० को फरक त हो, नेपालका प्रधानमन्त्री ७३ वर्षको, थाइल्याण्डकी प्रधानमन्त्री ३७ वर्षको,' सामाजिक सञ्जालमा एक प्रयोगकर्ताले लेखेका छन् ।

शिनावातले राजनीति थालेको बल्ल चार वर्ष पुग्यो । यद्यपि, उनी थाइल्याण्ड सरकारको नेतृत्व गरिरहेकी छन् । 'जेलनेल नभोगी सानै उमेरमा राजनीतिका ठूला-ठूला पदहरू लोभ गर्न हुन्न भनेर युवाहरूलाई भाषण गर्दै सम्झाउने हाम्रा ७३ वर्षका प्रधानमन्त्री अनि थाइल्याण्डकी ३७ वर्षकी जेलनेल नभोगेकी, ढुंगा नहानेकी एउटा युवा, त्यो पनि महिला प्रधानमन्त्री,' अर्को सामाजिक सञ्जाल प्रयोगकर्ताले



**बुधबार बैंककको सरकारी भवनमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई स्वागत गर्दै थाइल्याण्डकी प्रधानमन्त्री पेतोङतान शिनावात ।** *तस्बिरः रासस*

तस्बिर राख्दै भनेका छन् । यसरी नै धेरैले सामाजिक सञ्जालमा तस्बिर राख्दै आफ्ना विचार साझा गरेका छन् ।

शिनावात गत साउन अन्तिममा र ओली गत असार अन्तिममा प्रधानमन्त्री भएका हुन् । रमाइलो संयोग दुवैजना दोस्रो प्रमुख दलबाट प्रधानमन्त्री बनेका हुन् । नेकपा एमालेका अध्यक्ष ओली अहिले संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेससँगको तालमेलमा सरकारको नेतृत्व गरिरहेका छन् । उता थाइल्याण्डमा गत वर्ष भएको निर्वाचनमा मुभ फर्वाड पार्टी पहिलो दल बनेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## भ्रमण सफल भएको प्रधानमन्त्रीको दाबी

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) छैटौं शिखर सम्मेलनमा सहभागिता अत्यन्त सफल एवं सार्थक रहेको बताए । थाइल्याण्डको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा शनिबार आयोजित पत्रकार सम्मेलनमा ओलीले आफ्नो भ्रमणबाट दुई मुलुकबीच रहिआएको द्विपक्षीय सम्बन्धले थप उचाइ हासिल गरेको बताए ।

प्रधानमन्त्री ओलीले थाइ समकक्षी पेतोङतान शिनावातसँगको भेटमा दुई देशबीच व्यापार तथा लगानी, कृषि, पर्यटन तथा संस्कृति, शिक्षा तथा मानव संसाधन विकासलगायत आपसी हितका क्षेत्रीय एवं बहुपक्षीय मामिलामा सहयोग र सहकार्य गर्ने विषयमा फलदायी कुराकानी भएको जानकारी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### म्यानपावर र कन्सल्टेन्सीपीडितको गुनासो

# 'निरन्तर सडकमा छौं, हाम्रो पीडा न विभागले सुन्छ न मन्त्रीले'

■ **ममता थापा**

**काठमाडौं–** 'विगत दुई वर्षदेखि हामी म्यानपावर र कन्सल्टेन्सी पीडितहरू न्याय मागिरहेका छौं । तर सरकार किन हाम्रो कुरा सुन्दैन ? कुन सरकारले हो हामीलाई न्याय दिने ?'

बुधबार माइतीघर मण्डलमा सरकारलाई खबरदारी गर्न धर्नामा बसेका म्यानपावरपीडितहरू आफ्नो पीडा यसरी पोख्दै थिए । सरकारलाई आफ्नो समस्या सुनाउन आएकी एक युवतीसँग कुराकानी गरियो । उनले आफू फसेको कुरा घरमा थाहा नभएकाले नाम खुलाउन चाहिनन् । उनको घर नुवाकोट रहेछ । उनले सन् २०२२ मा सुकेधारामा रहेको काठमाडौं ब्राइट ह्युमन रिसोर्समा चार लाख ५० हजार रूपैयाँ बुझाएको बताइन् । उनलाई क्रोएसियामा फलफूल प्याकिङको काममा पठाइदिने भनिएको थियो । उनीजस्तै थुप्रैलाई क्रोएसिया पठाइदिने भनेर नुवाकोटको बिदुर नगरपालिकाका गजेन्द्रबहादुर तामाङले साढे तीन लाखदेखि १६ लाख रूपैयाँसम्म उठाएको पीडितहरू बताउँछन् । गजेन्द्र विगत दुई वर्षदेखि बेपत्ता छन् ।



पीडितहरूले प्रहरीमा उजुरी गरे पनि उनलाई समात्न सकेको छैन ।

खोटाङका धिरज गिरी पोल्याण्ड जाने भनेर ललितपुरमा रहेको इलाइट टु ह्युमन रिसोर्स एण्ड हस्पिटालिटी (इटुडब्ल्यू) पुगे । त्यहाँका मार्केटिङ म्यानेजर कृष्ण नेपालीलाई एक लाख रूपैयाँ बुझाए । उनले एक वर्षअघि रकम बुझाएका थिए । काम किन ढिला भयो भनेर सोध्दा हुँदै छ भनिन्थ्यो । आहिले उक्त कम्पनी बन्द छ, सञ्चालक फरार छन् । 'यसको प्रधान कार्यालय कतारमा छ । कृष्णले म बोसलाई भेट्न कतार आएको छु, जसरी भए पनि काम गरिदिन्छु भन्ने गरेको थियो । अहिले सम्पर्कविहीन भएको पाँच महिनाजति भयो,' पीडित गिरीले भने, 'हामी पीडितहरूले वैदेशिक रोजगार विभागमा मुद्दा हालेका छौं, त्यो त हेर्नपर्‍यो नि । जहिले जाँदा पनि विभागले हुँदै छ मात्र भन्छ, के हुँदै छ त खोइ ?'

म्याग्दीकी गंगा पुन आफ्नो भाइ जुने पुनलाई वैदेशिक रोजगारीमा पठाउन खोज्दा धेरै पटक ठगीमा परेकी छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## 'विभागको कारण मात्र ढिला भएको होइन'

वैदेशिक रोजगार विभाग भने वैदेशिक रोजगारीका नाममा हुने ठगीमा संलग्नलाई कारबाहीको दायरामा ल्याइछाड्ने बताउँछ । विभागकै कारणले मात्रै कारबाहीमा ढिलाइ नभएको विभागका अधिकारी बताउँछन् ।

विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदी अभियुक्त पक्राउ गर्न विभिन्न निकायसँग समन्वय गर्नुपर्ने भएकोले समय लाग्ने बताउँछन् । तर पीडितहरू आत्तिहाल्ने गर्दा विभागले ढिला गरेको जस्तो देखिएको उनी बताउँछन् ।

⏭ क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं





सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
नि:सन्तनपन सम्बन्धि उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

## पृष्ठ १ बाट क्रमशः

## ओलीको ...

तर सेनाले नियुक्त गरेका सिनेटहरूले सबैभन्दा ठूलो दललाई सरकार बनाउन रोकेपछि दोस्रो दल फेउ थाइले अरु दलसँग गठबन्धन गरेर सेथ्रा थबिसिनलाई प्रधानमन्त्री बनायो । वर्ष दिन नपुग्दै एक मन्त्रीको नियुक्तिलाई लिएर संवैधानिक अदालतले थबिसिनलाई साउन गत ३० गते बर्खास्त गर्‍यो । थबिसिनको बर्खास्ती सेना, राजा समर्थित प्रतिष्ठान र थाक्सिन समर्थित दलको बीचमा लामो समयदेखि चलिरहेको लडाइँको नयाँ अध्याय थियो ।

नयाँ प्रधानमन्त्री चुन्न सत्ता गठबन्धनका दलहरूको बैठक बसेको थियो । तर १० मध्ये कुनै पनि दलले दाबी नगरेपछि फेउ थाइले थाक्सिन शिनावातकी छोरीलाई नयाँ प्रधानमन्त्रीका रूपमा अघि सार्‍यो । शिनावात परिवारबाट प्रधानमन्त्री बन्ने पेतोङतान तेस्रो व्यक्ति हुन् । उनका बुवा थाक्सिन र फुपू यिङलक शिनावात प्रधानन्त्री भएका थिए ।

### भारत भ्रमणबारे ओली

प्रधानमन्त्री ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीसँगको भेटमा नेपाल-भारतबीचको सम्बन्धलाई अझ व्यापक, विस्तृत र सुदृढ गर्दै लैजाने अठोट व्यक्त भएको बताएका छन् । 'छिमेकमा कुनै सानातिना समस्या त देखिन सक्छन्, त्यस्तो भइहालेमा एकापसमा संवाद गरिहाल्ने र तिनलाई टुंग्याउने भन्नेमा यसपटक हामीले एउटा गहिरो समझदारी गरेका छौं,' सञ्चारकर्मीको जिज्ञासामा प्रधानमन्त्री ओलीले भने, 'यो भेटघाट फलदायी भयो र म खुसी छु, उहाँको कुराकानीबाट उहाँ (मोदी) पनि खुसी हुनुहुन्छ भन्ने मैले पाएको छु ।' सगरमाथा संवादअघि नै भारत भ्रमण हुनसक्छ भन्ने जिज्ञासामा ओलीले भने, 'हामी अलि व्यस्त नै छौं, सगरमाथा संवादको तयारी गर्नुपर्ने हुन्छ । हाम्रो तर्फबाट के हुनसक्छ हामीले भ्याउँछौं भन्यौं भने हुन पनि सक्छ ।'

सगरमाथा संवादमा भारतीय प्रधानमन्त्रीलाई निम्ता छ कि भन्ने प्रश्नमा प्रधानमन्त्री ओलीले नेपालले आयोजना गरेको सगरमाथा संवादमा भारतीय प्रधानमन्त्री आउन नभ्याउने जानकारी बताए । ओलीले भने, 'मोदीजी आउन भ्याउनुहुन्न, यसकारण कि उहाँको पहिले नै त्यसैबेला युरोप जाने कार्यक्रम तय भइसकेको रहेछ, त्यसकारण उहाँ यहाँ आउन सक्नुहुन्न तर भारतको राम्रैस्तरबाट प्रतिनिधित्व हुन्छ ।' प्रधानमन्त्री ओलीले भारतीय समकक्षीसँगको भेटवार्तामा पारस्परिक सहयोगका विभिन्न क्षेत्रमा सहकार्यसम्बन्धी विचार विमर्श भएको जानकारी दिए । ओलीले भने, 'भेटमा लगानी र व्यापारका क्षेत्र, बहुउद्देश्यीय पञ्चेश्वर आयोजना, र दोधराचाँदनीमा महाकालीबाट सिँचाइ गर्नेलगायत द्विपक्षीय पारस्परिक हितका विषयमा कुराकानी भए ।'

■■■

## भ्रमण सफल...

ओलीले बौद्ध धर्म एवं दर्शनले जोडेको सांस्कृतिक सम्बन्ध एवं छ दशकभन्दा लामो द्विपक्षीय घनिष्ठ कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने र यसको जगमा उभिएर दुई देशबीचको आर्थिक सम्बन्धलाई पनि समयानुकूल फराकिलो र गहिरो बनाउँदै दुई देशबीच सहमति भएको बताए ।

'द्विपक्षीय सम्बन्ध सुदृढीकरण साथसाथै जलवायु परिवर्तन, दिगो विकास, विश्व शान्तिलगायतका साझा चासोका विषयमा क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा पनि आपसी सहयोग र सहकार्य थप बलियो र प्रभावकारी बनाउँदै जाने कुरामा दुवै पक्षबीच सहमति भएको छ,' प्रधानमन्त्री ओलीले भने । भ्रमणका अवसरमा नेपाल सरकार र थाइल्याण्ड सरकारबीच आपसी सहयोग आदानप्रदान गर्ने सन्दर्भमा पर्यटन क्षेत्रमा सहयोग र सांस्कृतिक सहयोगसम्बन्धी सम्झौता एवं निजी क्षेत्रसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको जानकारी दिए ।

### सरकारीस्तरबाट दुई सम्झौता

ओलीको थाइल्याण्ड भ्रमणका क्रममा दुई देशबीच सरकारी तहमा आठवटा सम्झौता एवं समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त अवसरमा परराष्ट्रमन्त्री डा. आरजु राणाले नेपाल सरकारका तर्फबाट थाइ सरकारसँग दुई सम्झौता हस्ताक्षर गरिन् ।

दुई देशबीच पर्यटन सहयोग आदानप्रदान गर्नेसम्बन्धी समझदारीपत्रमा परराष्ट्रमन्त्री राणा र थाइल्याण्ड सरकारका पर्यटन तथा खेलकुदमन्त्री रोसावाङ तियन्थोङले हस्ताक्षर गरे । त्यस्तै, दुई देशबीचको सांस्कृतिक सम्झौतामा परराष्ट्रमन्त्री राणा र थाइल्याण्डका संस्कृतिमन्त्री सुदावान वाङ्सुफाकिज्कोसलले हस्ताक्षर गरे ।

### गैरसरकारी तथा निजी स्तरमा छ वटा सम्झौता

काठमाडौं विश्वविद्यालय र थाइल्याण्डको सियाम विश्वविद्यालयबीच प्राज्ञिक सहकार्य बढाउने तथा उच्च शिक्षामा नवप्रर्तनलाई प्रवर्द्धन गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षरसँगै गैरसरकारी तथा निजी स्तरबाट छ वटा सम्झौता/समझदारीमा हस्ताक्षर भएको छ । सम्झौतामा काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. अच्युतप्रसाद वाग्ले र सियाम विश्वविद्यालयका अध्यक्ष प्रोच्याइ मोंकोन्भनितले हस्ताक्षर गरेका छन् ।

नेपाल नेत्रज्याति संघ र थाइल्याण्डको माहिडोल विश्वविद्यालयअन्तर्गतको रामाथिबोडी अस्पतालबीच पनि सहकार्यको समझदारीपत्रमा हस्ताक्षर भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ र थाइल्याण्डको थाइ चेम्बर अफ कमर्स एण्ड बोर्ड अफ ट्रेडबीच आपसी सहकार्यको तथा व्यापार अभिवृद्धिका विषयमा समझदारी भएको छ । सम्झौतामा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र थाइ चेम्बर अफ कमर्स एण्ड बोर्ड अफ ट्रेडका अध्यक्ष सानन अंगुबोल्कुलले हस्ताक्षर गरेका छन् ।

त्यस्तै, नेपाल उद्योग परिसंघ (सिएनआई) र थाइ उद्योग महासंघ (एफटिआई) बीच दुई देशबीच लगानीका अवसर सिर्जना गर्दै नेपाल र थाइल्याण्डबीचको आर्थिक तथा व्यावसायिक सम्बन्ध थप सुदृढ गर्नेसम्बन्धी समझदारीमा हस्ताक्षर भएको छ । परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र एफटिआईका अध्यक्ष क्रियेंग्राइ थेननुकुलले समझदारीमा हस्ताक्षर गरेका हुन् । त्यस्तै, नेपाल चेम्बर अफ कमर्स र टुरिजम काउन्सिल अफ थाइल्याण्डबीच व्यापार, पर्यटन र नागरिक उड्डयनको क्षेत्रमा सहकार्यको समझदारी भएको छ । समझदारीपत्रमा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल र टुरिजम काउन्सिल अफ थाइल्याण्डका अध्यक्ष चाइ अरुनानोनडिचाइले हस्ताक्षर गरे ।

त्यस्तै, नेपालको जनता एग्रो एण्ड फरेस्ट्री र थाइल्याण्डको कसेस्टार्ट विश्वविद्यालयबीच जैविक प्रविधिमार्फत नेपालमा खाद्यान्नको उत्पादन वृद्धि गर्ने विषयमा सहकार्यसम्बन्धी सम्झौता भएको छ । सम्झौतामा कसेस्टार्ट विश्वविद्यालयका उपाध्यक्ष डा. कृत वोन-इनल र जनता एग्रो एण्ड फरेस्ट्रीका अध्यक्ष पवन गोल्यानले हस्ताक्षर गरे । नेपाल र थाइल्याण्डबीच कूटनीतिक सम्बन्ध स्थापित भएको ६५ वर्षमा औपचारिक भ्रमण गर्ने ओली नेपालका पहिलो प्रधानमन्त्री हुन् । प्रधानमन्त्री ओलीले आफूले थाइल्याण्डका प्रधानमन्त्री शिनावातलाई नेपाल भ्रमणको निम्ता दिएको जानकारी दिँदै चाँडै नेपाल भ्रमणका अपेक्षा रहेको बताए ।

प्रधानमन्त्री ओलीले बिम्स्टेक शिखर सम्मेलनका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, श्रीलंकाका प्रधानमन्त्री डा. हरिणी अमरसुर्या, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे र म्यानमारका प्रधानमन्त्री मिन आङ ल्हांगसँग भेटवार्ता गरेका थिए । भेटमा प्रधानमन्त्रीले नेपाल र ती मुलुकहरूबीच कायम रहँदै आएको मैत्रीपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउने एवं द्विपक्षीय सम्बन्धका साथै बिम्स्टेकलगायत क्षेत्रीय तथा अन्य बहुपक्षीय सहयोग र सहकार्य थप सुदृढ बनाउँदै लैजाने विषयमा छलफल गरेका थिए ।

■■■

## किन बढ्दै...

सरकारबाट स्वीकृत वायु गुणस्तर सूचकांकानुसार ०-५० हुँदा राम्रो, ५१-१०० हुँदा मध्यम, १०१-१५० हुँदा संवेदनशील समूहका लागि अस्वस्थ, १५१-२०० अस्वस्थ, २०१-३०० निकै अस्वस्थ तथा ३०१ भन्दामाथि भएमा खतरनाक तह पुगेको संकेत गर्छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले वायु प्रदूषणका कारण दम, फोक्सोका रोग, आँखाको समस्या, नाक र घाँटीमा एलर्जी, छालामा समस्या, हृदयरोग तथा दीर्घकालीन स्वास्थ्य समस्या देखिनसक्ने भएकाले संवेदनशील समूहहरू-बालबालिका, वृद्धवृद्धा, गर्भवती तथा दीर्घरोगीलाई विशेष सतर्कता अपनाउन सुझाव दिए ।

विपद् व्यवस्थापन तथा जलवायुविद् डा. धर्मराज उप्रेतीले पश्चिमी वायु कमजोर हुँदा वर्षा हुन पनि नसकेको र हावासमेत चल्न नसक्दा प्रदूषण जहाँको तहीँ थुप्रिएर पनि वायु प्रदूषण बढिरहेको बताए । 'यो समयमा तापक्रम बढ्दै गएको छ, कृषिवस्तु बाल्ने, वन डढेलो, पानी नपर्दा सडकको धुवाँधुलो वातावरणमा गएर मिस्सिनु, पश्चिमी वायु कमजोर हुँदा पानी पर्न सकेन । पानी परेको भए वायुमण्डलमा थुप्रिएको प्रदूषणमा जमिनमा खस्थ्यो र प्रदूषण हट्थ्यो,' उनले भने, 'तसर्थ जलवायु परिवर्तनले पारेको असरका कारण पनि मौसमी अवस्थामा परिवर्तन आउने, वर्षा हुन नसक्दा सुक्खा बढ्ने तथा आगलागी बढ्ने, वायुमा रहेको प्रदूषण हट्न नसकी प्रदूषण बढाउँछ ।'

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाकी मौसमविद् प्रतिभा मानन्धरले भने गत साता नै वर्षाको सम्भावना रहे पनि मौसम धुम्म नै रहने बताइन् । 'पानी अर्को साता पर्ने सम्भावना पनि देखिन्छ । तर महाशाखाले पूर्वानुमानमात्र गर्ने भएकाले लामो समयमा पूर्वानुमान नमिल्न पनि सक्छ । किनकि त्यो बेलासम्ममा परिवर्तन हुनसक्छ,' उनले भनिन् ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार चार वर्षयता हिउँदे वर्षा कम भएको प्रिमनसुन लागिसक्दा पनि राम्रोसँग वर्षा हुन नसक्नु, वन डढेलो तथा अन्य आगलागीका घटना बढ्नु, वातावरणमैत्री पूर्वाधार निर्माण हुन नसक्नुलगायत कारण प्रदूषण बढेको छ । 'काठमाडौं कचौरा आकारमा पनि छ । पानी नपर्दा सतहमा रहेको प्रदूषण तल खस्न पाउँदैन र हावा पनि चलेको छैन । जसले गर्दा प्रदूषण उपत्यकामा नै थुप्रिएर बसेको छ,' उनले भने ।

### जेठसम्म वायु प्रदूषण उच्च

विभागले नेपालमा विशेषगरी मंसिरदेखि जेठसम्म वायु प्रदूषण उच्च हुने गरेको भन्दै यस समयमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । वायु प्रदूषणको मुख्य कारण उद्योग, कलकारखाना र सवारीसाधनबाट निस्कने धुँवा, निर्माण कार्य, खुला रूपमा फोहोर तथा कुहिने अवशेष जलाउनु, घरबाट निस्कने धुँवा, सडक तथा निर्माण कार्यबाट उड्ने धुलो आदि रहेको विभागले जनाएको छ ।

विभागले वायु प्रदूषणको समयमा मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने हुँदा बालबालिका, वृद्धवृद्धा, दमका बिरामी, गर्भवतीलाई बढी प्रभाव पर्ने भएकाले सावधानी अपनाउन अनुरोध गरेको छ ।

### डढेलोको कारण प्रदूषण

डढेलोविद् सुन्दर शर्माले यस वर्ष पनि हिउँदमा कम पानी पर्नु तथा प्रिमनसुन सुरु भएपछि पनि वर्षा हुन नसक्दा डढेलोको घटना बढेको र यसले वातावरणीय प्रदूषण बढाइरहेको बताए । 'बुधबार मात्र २५३ स्थानमा डढेलो लागेको छ । मुलुकभर डढेलोको जोखिम रहे पनि विशेषगरी पर्सा, मकवानपुर, चितवन, बारा, उदयपुरलगायत ४५ जिल्लामा डढेलो बढी लागेको देखिन्छ,' उनले भने, 'हामीसँग डढेलो नियन्त्रणका लागि पर्याप्त साधन नहुनु, युवाहरू नुहँदा आगो नियन्त्रण गर्ने जनशक्तिको अभावले अझै चुनौती छ । डढेलो नियन्त्रण नभएसम्म प्रदूषण पनि नियन्त्रण हुँदैन ।'

### मुटुरोगीलाई बढी असर

पछिल्लो समय बढिरहेको वायु प्रदूषणका कारण विशेषगरी मुटुरोगीलाई बढी असर गर्ने भएकाले सतर्कता अपनाउनुपर्ने बताउनुहुन्छ, मुटुरोगी विशेषज्ञ डा. रञ्जित शर्मा । 'मुटुरोगीलाई प्रदूषणको समयमा श्वासप्रश्वासमा बढी समस्या हुने, हृदयघात हुनसक्ने, अनियन्त्रित रक्तचाप हुने, मधुमेह, उच्च कोलस्ट्रोल, दीर्घरोगी, दमका रोगीले अझै सतर्कता अपनाउनुपर्छ,' उनले भने, 'प्रदूषणले जुनसुकै बेलामा पनि असर गर्ने भयो, तर बिहानको समयमा प्रदूषण बढी हुने भएकाले विशेषगरी मुटुरोग भएकाहरू घरबाहिर निस्कँदा ख्याल गर्नुपर्छ, आवश्यक पर्दा मात्र निस्किनुपर्छ । माक्सको प्रयोग गर्नुपर्छ ।'

### आँखा र छालामा समस्या

तिलगंगा आँखा प्रतिष्ठानकी आँखारोग विशेषज्ञ डा. मुना कुँवरले प्रदूषित वायुमा हुने ब्याक्टेरिया वा भाइरसले आँखामा संक्रमण गर्न सक्ने र जसले कञ्जक्टिभाइटिस (आँखा पाक्ने रोग)जस्ता समस्या निम्त्याउन सक्ने र हावामा रहेका प्रदूषक तत्त्वहरूले आँसु बनाउने ग्रन्थीलाई असर गरी आँखा चिलाउने, पोल्ने र रातो हुने समस्या आउने भन्दै सतर्कता अपनाउन आग्रह गरिन् ।

छालारोग विशेषज्ञ डा. प्रज्ज्वल पुडासैनीले प्रदूषणका कारण छालामा पनि विभिन्न प्रकारका समस्या निम्तिन सक्ने भन्दै यस्तो बेला उच्च सतर्कता अपनाउनुपर्ने सुझाव दिए । 'प्रदूषण बढेको बेलामा केमिकल र धुलोकणले छालामा एलर्जी गराउन सक्छ । जसले गर्दा छाला रातो हुने, पोल्ने वा दाग आउन सक्छन् । डन्डिफोर पनि आउन सक्छ । छालाको चमक हराउन सक्छ,' उनले भने, 'प्रदूषणले छालाको रोग प्रतिरोधी क्षमता कम गर्न सक्छ, जसले गर्दा विभिन्न प्रकारका संक्रमण हुनसक्छ । छाला सुक्खा हुने र चिलाउने समस्या आउनुका साथै छालाको क्यान्सरसमेत हुनसक्छ ।'

### आपत्काल घोषणा गर्न सुझाव

वातावरणविद् भूषण तुलाधारले प्रदूषण वृद्धिको अवस्था हेरेर आपत्कालीन अवस्था घोषणा गर्न सरकार अब तयार हुनुपर्ने बताए । 'अहिले कतिपय बेलामा वायु प्रदूषणको अवस्था ३०० एक्युआई कटेको छ । ३०० कट्नेबित्तिकै विपद्को अवस्था घोषणा गर्नुपर्ने मापदण्ड छ,' उनले भने, 'अहिले प्रदूषणको अवस्था घटबढ हुँदा घोषणा गर्नु पर्दैन । तर प्रदूषण बढ्दो छ । कसरी सतर्कता अपनाउने ? व्यापक जनचेतनासहित प्रदूषण बढिरहेमा आपत्कालीन अवस्था पनि घोषणा गर्नुपर्छ ।' *रासस*

■■■

## निरन्तर सडकमा...

करिब चार-पाँच वर्षअघि पोर्चुगल पठाउने भनेर दुई लाख रूपैयाँ, माल्टा पठाउने भनेर दुई लाख ५० हजार र मकाउ पठाउने भनेर पाँच लाख रूपैयाँ डुबेको उनले बताइन् । यो सबै पैसा दलालले खाइदिएको उनको भनाइ छ । 'हामी त गाउँको मान्छे, कहाँबाट पठाउने पनि थाहा थिएन,' उनले भनिन् । व्यक्तिले होइन संस्थाबाट पठाउँदा सुरक्षित हुन्छ भनेर थाहा पाएपछि उनी कलंकीमा रहेको पल्स वेभ कन्सल्टेन्सीमा पुगिन् । त्यहाँ फलफूल प्याकिङमा डेनमार्क पुर्‍याइदिने भनेर सञ्चालकले ४० हजार रूपैयाँ मागे । अब भने भाइ विदेश जाने भयो भनेर कुर्दाकुर्दै उनले एक महिनाअघि सञ्चालक भागेको खबर पाइन् । वैदेशिक रोजगार विभागले सञ्चालकका नाममा पक्राउ पुर्जी जारी गरे पनि पीडक अझै फरार छन् ।

पीडितहरूलाई एकीकृत बनाइरहेका युवा दीपक रावल पीडितहरू निरन्तर सडकमा आउँदा पनि कसैले नसुनेको बताउँछन् । आफूहरूले न्याय नपाएसम्म जतिबेला पनि आन्दोलन गर्न सक्ने उनको भनाइ छ ।

एउटा कन्सल्टेन्सी र म्यानपावरले २०० देखि एक हजार जनालाई ठगेको भेटिएको उनले बताए । काठमाडौं ब्राइट ह्युमन रिसोर्सबाट २०० जनाभन्दा बढी, पल्स वेभबाट ७०० भन्दा बढी, इटुडब्ल्यू र सबकुरा नामक कन्सल्टेन्सीबाट एक हजारभन्दा बढी, राप्ती म्यानपावरबाट १०० भन्दा बढी ठगिएको उनको भनाइ छ ।

'सञ्चालकहरूले पीडितलाई उल्टै थर्काउने, धम्क्याउने गरिरहेका छन् । यस्तो हुँदा कतिपय पीडित बोल्नै डराउँछन् । सरकारले न्याय नदिएसम्म हामी सडक छोड्दैनौं,' रावलले भने, 'श्रममन्त्रीसँग हालसालै भेट्दा अब सशक्त ढंगले काम गर्छु, हेर्दै जानुहोस् के-के गर्छु भन्नुभएको छ । तर पीडकलाई जोगाउनलाई हेर्दै जानुस् भनेको हो या पीडितलाई न्याय दिने काममा भन्ने बुझ्न सकेको छैन ।' अब संगठन बनाएर देशभरका पीडितलाई काठमाडौंमा ल्याउने तयारी गर्ने उनले बताए ।

■■■

## विभागको...

'समस्या हजारौंमा छन्, समाधान सयको हाराहारीमा हुन्छ । यथार्थ यही हो । यस्ता केसमा विशेष सरकारी वकिल, वैदेशिक रोजगार न्यायाधीकरण, देशभरका प्रहरीदेखि इन्टरपोलसमेत संलग्न हुनुपर्ने हुन्छ, त्यसैले समय लागेको हो,' उनले भने । यदि पक्राउ पुर्जी जारी भएपछि अभियुक्त पक्राउ परेन भने प्रहरीबाट पक्राउ पर्न नसकेको कागज ल्याएपछि मात्र बाँकी प्रक्रिया अघि बढ्ने उनको भनाइ छ । उनले पीडकबाट थर्काउने, धम्क्याउने कार्य भए प्रहरीमा जाहेरी दिन सुझाव दिए ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/२४**

**पाण्डा कन्सल्टेन्ट्स एण्ड कन्सट्रक्सन** को मिति २०८१/१२/१३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पाण्डा ट्रेडर्स एण्ड कन्स्ट्रक्सन (प्रा.लि. नं.: २२७३६२)** कायम गर्ने गरी मिति २०८१/१२/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मितिः २०८१/१२/२४**

यस कम्पनीको मिति २०८१/१२/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रिकनेक्ट एजुकेशन कन्सल्टेन्सी** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **प्राइम पाथ एजुकेशन कन्सल्टेन्सी** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/१९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्राइम पाथ एजुकेशन कन्सल्टेन्सी** (**प्रा.लि.नं.१६६५९८**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


आइतबार, २४ चैत, २०८१

| | |
|---|---|
| **मेष** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कर्कट** | रोकिएका काम सम्पादन हुनेछ । |
| **सिंह** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **कन्या** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **तुला** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मकर** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कुम्भ** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मीन** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ चैत, २०८१ (६, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४६ | १३७.०६ |
| युरो | १ को | १४७.२१ | १४७.८५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७६.१० | १७६.८८ |
| स्विस फ्रैन्क | १ को | १५४.५९ | १५५.२७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.२४ | ८५.६१ |
| क्यानाडियन डलर | १ को | ९४.७७ | ९५.१८ |
| सिङ्गापुर डलर | १ को | १०१.५७ | १०२.०१ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १८.७७ | १८.८५ |
| साउदी अरब रियाल | १ को | ३६.३८ | ३६.५४ |
| कतारी रियाल | १ को | ३७.४४ | ३७.६० |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१५ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३०.७५ | ३०.८९ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १३.६१ | १३.६७ |
| डेनिस क्रोनर | १ को | १९.७३ | १९.८२ |
| हङकङ डलर | १ को | १७.५४ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४२.५६ | ४४४.५१ |
| बहराइन दिनार | १ को | ३६१.९९ | ३६३.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



काठमाडौंमा शनिबार निकालिएको 'सेतो मच्छिन्द्रनाथ'को रथयात्राका क्रममा सहभागीहरूको भीड । *तस्बिर: एएफपी*

# कामका सामुदायिक विद्यालयमा 'स्मार्ट बोर्ड' जडान

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा)ले सामुदायिक विद्यालयका कक्षाकोठामा 'स्मार्ट बोर्ड' जडान सुरु गरेको छ । महानगरले रामशाह पथमा रहेको पद्मोदय माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड जडान गरी उक्त कार्यको थालनी गरेको हो ।

कामपा सहरी आयोगका सदस्य इञ्जिनियर शैलेन्द्र झाका अनुसार विद्यालयमा जडान गरिएको स्मार्ट बोर्ड ५० हजार घण्टा क्षमताको रहेको छ । शिक्षण क्रियाकलाप र सिकाइमा लगानी बढाएर नतिजा सुधार गर्न कार्यक्रमअन्तर्गत कामपाको शिक्षा विभागले ३१३ वटा बोर्ड जडान गरिने झाले जानकारी दिए ।

'प्रमाणमा आधारित विद्यालयको पूर्वाधार विकास, प्रविधि र उपकरण, मानव पुँजी विकासअन्तर्गत शिक्षक तालिम, सुशासन, व्यवस्थापन तथा दिगोपना'का लागि कामपाले लगानी बढाएको छ,' सदस्य झाले भने, 'विद्यालयमा स्मार्ट बोर्ड उपयोग गर्ने स्थान, शिक्षकको तत्परता र क्षमताका आधारमा बोर्ड जडान गर्दै जाने छौं ।'



उनका अनुसार बोर्ड प्रयोगका लागि शिक्षकहरूलाई तालिम पनि दिइएको छ । कामपाको गौरव योजनाअन्तर्गत 'गरी खाने शिक्षा, महानगरको इच्छा' कार्यक्रमअन्तर्गत सूचना प्रविधिमैत्री विद्यालय, डिजिटल शिक्षण सिकाइ कार्यक्रमका लागि चालु र क्रमागत गरेर करिब २० करोड रूपैयाँ विनियोजित रहेको निमित्त शिक्षा अधिकारी केशव ज्ञवालीले जानकारी दिए ।

कक्षाकोठामा जडान भएका बोर्डहरूको डिस्प्ले क्षमता ५० हजार घण्टा रहेको छ । सामान्य ठक्करबाट स्क्रिन चर्किने वा फुट्ने हुँदैन । महानगरले हरेक शुक्रबार पुस्तकरहित कार्यक्रमलाई थप प्रभावकारी बनाउन शिक्षक तालिम, क्रियाकलापसम्बन्धी पाठ्यक्रम तर्जुमा, सिकाइ सामग्रीमा लगानीसमेत गरेको छ ।

शिक्षण सिकाइलाई परियोजनामा आधारित, समूहगत कार्यमा आधारित, सहपाठीसँगको सिकाइ र पुनरावलोकन कक्षामा जोड दिएको छ । यस्ता क्रियाकलापले विद्यार्थीहरूमा नयाँ दृष्टिकोणबाट सिक्ने वातावरण सिर्जना हुने सहरी योजना आयोगका सहायकविज्ञ सस्मित पोखरेलले बताए । पुस्तकरहित शुक्रबारमा २५ वटा विषय राखिएका छन् । यी हरेक विषयलाई एउटा उपसमूह मान्ने गरिएको छ ।

# बालाजुमा जुद्ध वारुणयन्त्रको शाखा सञ्चालनमा

## पानी भण्डारण क्षमता एक लाख लिटर

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले बालाजु औद्योगिक क्षेत्र प्रवेश मूलद्वारसँगै एक लाख लिटर पानी भण्डारण क्षमताको जुद्ध वारुणयन्त्र शाखा कार्यालय भवन सञ्चालनमा ल्याइएको छ । उक्त भवनको भुइँतलामा ८० हजार लिटर र छतमा २० हजार लिटर गरी एक लाख लिटर पानी भण्डारण क्षमताको भवन यही चैतदेखि सञ्चालनमा रहेको कामपा विपद् व्यवस्थापन विभागका प्रमुख जगदीश अर्यालले जानकारी दिए ।

प्रमुख अर्यालका अनुसार २०८० पुस १८ गते शिलान्यास भवन निर्माणको अवधि २०८१ फागुन मसान्तसम्म थियो । २०७९ मंसिर २६ गते २८औं महानगर दिवसको अवसर पारेर यस ठाउँबाट दमकल सेवा शुभारम्भ गरिएको थियो ।

क्षेत्रगत विपद्मध्येको आगलागी काठमाडौंका लागि प्रमुख समस्या बनेको छ । सहरी विकास अनियन्त्रित हुँदा सहरका सबै ठाउँमा अग्नि नियन्त्रणका लागि दमकल लैजानसक्ने अवस्था नरहेको पनि कामपाको भनाइ छ । दमकल पुग्ने ठाउँका लागि तीनवटा दमकल खरिद गर्ने तयारी गरिएको पनि कामपाको भनाइ छ ।

जुन ठाउँमा ठूला दमकल जान सक्दैनन् त्यस्ता ठाउँका लागि साना दमकल खरिद गर्ने योजनामा कामपा रहेको छ । पछिल्लो समय कामपाले साना-साना गल्लीमा हुने आगलागी नियन्त्रणका लागि फायर ड्राइराइजर जडानको काम तीव्ररूपमा अघि बढाइरहेको छ ।

कामपामा आगलागी हुँदा दमकल जान नसक्ने साँघुरा सडक तथा गल्लीमा 'ड्राइ राइजर' जडान गर्न सुरू गरेको कामपाको भनाइ छ । महानगरको विपद् व्यवस्थापन विभागले यस कार्यलाई तीव्ररूपमा अगाडि बढाएको छ, भने केन्द्रीय योजनामा नभएका ठाउँमा वडाहरूले पनि वडाकै बजेटबाट यो प्रणाली जडान गरिरहेको छ ।

अहिले कामपाको ६, ७, ९, १३, १७, १८, २१, २५ र २७ मा 'ड्राइ राइजर' जडान भइसकेको छ भने अन्य वडामा पनि आवश्यकताअनुसार उक्त प्रविधि जडानको काम भइरहेको नगर प्रहरी उपरीक्षक विष्णुप्रसाद जोशीले जानकारी दिए । उनका अनुसार कामपाका कतिपय भित्री गल्ली दमकल र एम्बुलेन्स छिर्न नसक्ने किसिमका छन् । साँघुरा गल्लीमा आगलागी वा अन्य विपत्जन्य घटना हुँदा नियन्त्रण कठिन हुने हुँदा उक्त प्रविधि जडान गरिएको हो । *रासस*

# जाजरकोट भूकम्पमा आठजना घाइते

**काठमाडौं (प्रस)–** जाजरकोटको कुसे गाउँपालिका-९ पैंकमा केन्द्रबिन्दु बनाएर शुक्रबार राति गएको ५.२ म्याग्निच्युड र ५.५ म्याग्निच्युडका दुईवटा भूकम्पमा परी आठजना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शनिबार अपराह्नसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त विवरणअनुसार भूकम्पमा परी रुकुमपश्चिममा दुई र जाजरकोटमा छ जना घाइते भएको जनाएको छ । प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जाजरकोट, रुकुमपश्चिम र कालीकोट जिल्लाका केही निजी आवास तथा सरकारी भवनहरूमा सामान्य चिरा परेको एवं भवनहरू चर्किएको विवरण जनाएको छ ।

# नल्लु पाथिभराको गर्भगृहमा प्राण प्रतिष्ठा

■ प्रभाव संवाददाता

**ललितपुर–** ललितपुरको क्योञ्ज्योमसोमस्थित नल्लु पाथिभराको १३औं ब्रम्होत्सव तथा गर्भगृहमा प्राण प्रतिष्ठा सम्पन्न भएको छ । एक धार्मिक समारोहका साथ प्राण प्रतिष्ठा गरिएको हो ।

लगनखेलबाट लेले हुँदै १८ किलोमिटरको दूरीमा पर्ने नल्लु पाथिभरा आन्तरिक पर्यटक तथा भक्तजनहरूका लागि आकर्षणको केन्द्र बन्न थालेको छ । पूर्वी नेपाल ताप्लेजुङकी किराँतदेवी मुक्कुम्लुङ (पाथिभरा)को दर्शनमा जान नसक्ने र जान चाहने भक्तजनका लागि सहज हुनेगरी २०६२ सालको चैते दसैंमा हुबहु प्रतिकृति पाथिभराको मन्दिर स्थापना भएको हो ।



अभियानकर्ता रमेशकुमार श्रेष्ठ र हालकी कोषाध्यक्ष पुजन वस्नेतको संकल्पित अभियानमा स्थानीय जयबहादुर स्याङतानबाट तीन रोपनी जग्गादान प्राप्त भएपछि सो देवस्थल स्थापना भएको हो । स्थानीय समाजसेवी गणेश घलानको अध्यक्षता र चापागाउँ निवासी नेपाल भाषाका गायक तथा संगीतकार जगमोहन कायस्थ वामीको साथ पाएपछि पाथिभरा पर्यटकीय हव बन्दै गइरहेको छ ।

क्योञ्ज्योमसोम गाउँपालिकाका तत्कालीन प्रमुख गोपिलाल स्याङ्तान, उपप्रमुख मिङमार लामाले बजेट विनियोजन गरेपछि देवस्थलले तीर्थस्थलको रूप धारण गर्न ठूलो योगदान पुऱ्याएको स्थानीयहरू बताउँछन् । ललितपुरको नल्लु पाथिभराले ताप्लेजुङको पाथिभरा पुग्न नसक्नेका लागि दर्शन सहज बनाएको छ । १४ फिट अग्लो ढुंगाको नल्लु पाथिभरा देवस्थल पुग्न देविभक्त इन्द्रभक्त मानन्धरले देवीको दर्शनार्थ सिमेन्टको बाटो र गेट बनाइदिएका छन् ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**सडक डिभिजन भक्तपुर**

**बि. पी राजमार्ग अन्तर्गत नेपालथोक-भकुण्डेबेसी (२७.९६४ कि.मि.) सडक खण्ड पुनस्थापना तथा स्तरोन्नति कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति: २०८१/१२/२४)**

बागमती प्रदेश सिन्धुली जिल्ला अन्तर्गतको सुनकोशी गाउँपालिकाको वडा नं. १ र काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गतको रोशी गाउँपालिका वडा नं.७, ८, ९, ११, १२; नमोबुद्ध नगरपालिका वडा नं. ४, ७ क्षेत्र भित्र तपशिल बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सडक डिभिजन भक्तपुर<br>कटुन्जे, भक्तपुर<br>बागमती प्रदेश, नेपाल<br>फोन नं.०१-६६१२०७४<br>ईमेल-droadbhaktapur@gmail.com |
| **प्रस्तावको व्यहोरा** | बि.पी राजमार्ग अन्तर्गत नेपालथोक - भकुण्डेबेसी (२७.९६४ कि.मि.) सडक खण्ड पुनस्थापना तथा स्तरोन्नति सडकको चौडाइ : १० मिटर (नाली बिना) |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | सिन्धुली जिल्ला सुनकोशी गाउँपालिकाको वडा नं. १<br>काभ्रेपलाञ्चोक जिल्ला रोशी गाउँपालिका वडा नं. ७, ८, ९, ११, १२;<br>काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नं. ४, ७ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रको विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सडक डिभिजन भक्तपुर<br>कटुन्जे, भक्तपुर<br>बागमती प्रदेश, नेपाल<br>फोन नं.०१-६६१२०७४<br>ईमेल-droadbhaktapur@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | आवरण असोसिएट्स प्रा.लि.<br>काठमाण्डौ, नेपाल<br>ईमेलः awaranassociates@gmail.com<br>फोन नं.: ९८५११९४५६० |



**Kumakh Rural Municipality**
**Office of Rural Municipal Executive**
**Ragechaur, Salyan**
**Karnali Province, Nepal**

**Invitation for Sealed Quotation**

**Date of Publication: 06/04/2025**

1. The Kumakh Rural Municipality, Salyan invites sealed quotations from registered contractors for the construction of Construction of school building which inchsle c.....
2. The Estimated amount for the works is (in NRs.) : 1,642,780.20 (Exclusive of VAT and Contingencies)
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Kumakh Rural Municipality, Salyan at Ragechaur, Salyan Salyan Suikot or by reaching out to them at Telephone 9862527808 or by dropping a mail at ito.kumakh2073@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs.

Or

Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:

**Name of the Bank:** **Himalayan Bank Lad.**
**Name of the Office:** **Kumakh Rural Municipality, Salyan**
**Office Code no:** **3050160010**
**Office Account no:** **05907797630011**
**Rajaswa (revenue) Shirshak no : 14229**

5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e **www.bopatra gov.np/egp** on or before 21-04-2025 12:00 hours. Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders representatives who choose to attend at 21-04-2025 13:00 hours at the office of Kumakh Rural Municipality, Salyan, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 57,500 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

[**Note:** As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required]

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बेलगाम बन्दै काठमाडौं महानगर

**काठमाडौं महानगरपालिका पछिल्लो समय स्वतन्त्ररूपमा निर्वाचित मेयर बालेन्द्र साहका कामकारबाहीका कारण निकै नै चर्चामा छ। निर्वाचित भएर आएसँगै सुरु गरेको डोजर आतंकदेखि फुटपाथ, ठेलागाडा व्यापारीहरूमाथि गरिएको गतिविधिहरूले पनि मेयर बालेन चर्चामा आइ नै रहे। कतिपयले मेयर बालेनले गरेका गतिविधिलाई गरिबमाथिको थिचोमिचो भनिरहेका छन् भने कतिपय बालेनले गरेको काम निकै नै उत्कृष्ट भन्ने खालका अभिव्यक्ति पनि दिने गर्दछन्।**

**बालेन सबैभन्दा बढी चर्चामा आउने कारण भनेको उनले सामाजिक सञ्जालमा पोख्ने गरेका अभिव्यक्ति नै हुन्। निर्वाचित हुनुभन्दा अगाडिसम्म सबै सञ्चारगृहदेखि सामाजिक सञ्जाल युटच्युबहरूसम्म निकै नै हिमचिम गर्ने उनी निर्वाचित भएपश्चात् भने मिडियामा बोल्न नै चाहँदैनन्। जे बोल्नु छ त्यसलाई सामाजिक सञ्जाल फेसबुकमार्फत पोख्ने गर्दछन्।**

**'सिंहदबार जलाउने' शब्दबाट सुरु भएको उनको अराजक अभिव्यक्ति पछिल्लो समय 'नेताहरूलाई टुकुचामा गाड्ने'ले निकै नै बजार तताएको थियो। मेयरको पदको मर्यादाभित्र बसे बसेनन् वा कुन रिस पोखिरहेका छन् भन्ने कुरा फरक पाटो होला तर देशको राजधानीसमेत रहेको काठमाडौं महानगरपालिका नेतृत्वकै कारण बेलगामजस्तै भएको अनुभूति गर्न थालिएको छ।**

**बिहीबार महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुराँगाईंलाई जुन ढंगले कार्यालय प्रवेश गराइयो त्यो दृश्यले महानगरपालिका दुई चिरामा देखिएको छ। कर्मचारी र उपमेयरसहितका जनप्रतिनिधि एकातिर छन् भने अर्कोतिर मेयर बालेन, उनको सचिवालय तथा सल्लाहकार र नगर प्रहरी प्रमुख। बिहीबारसम्म मेयर बालेनदेखि त्राहीत्राही बनिरहेका कर्मचारी बिहीबारको घटनापछि भने एक कदम अगाडि बढेको देखिन्छ। मेयरका विपक्षमा कहिल्यै नबोल्ने कर्मचारीले बालेनलाई राजा बन्न खोजिरहेको आरोपसहितको अभिव्यक्ति नै दिएका छन्। यसले महानगरका अहिले बेलगाम घोडाजस्तै दौडिरहेको अनुभूत गराउँछ।**

**त्यत्तिमात्र कहाँ हो र ! महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर र मेयरका निजी सचिव भूपदेव साहले सञ्चारमाध्यममा दिएका अभिव्यक्तिले आमनागरिकलाई पनि 'कन्फ्युज' बनाइदिएको छ। त्यो के हो भने, महानगरपालिका मर्यादाक्रम नै भंग भएको छ। निर्वाचित जनप्रतिनिधिभन्दा मेयरका निजी सचिव उपल्लो दर्जाका हुन् भन्ने स्थापित गर्न खोजिएको छ। मेयरले निर्देशन होइन उनका निजी सचिवले निर्देशन दिने गर्दछन्। प्रमुख प्रशासकीय अधिकृतदेखि सम्पूर्ण कर्मचारी निजी सचिवको निणन्त्रणमा छन्। निजी सचिव भूपदेवले एक टेलिभिजनमा प्रमुख प्रशासकीय अधिकृतलाई जबरजस्ती भित्र्याएको भन्दै उपमेयर सुनितादेखि वडाध्यक्षहरू समेत जेल जानसक्ने चेतावनी दिनुले महानगर बेलगाम छ भन्ने कुरा छर्लंग भएको छ।**

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन्। निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ। किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ। निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन्। यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ। साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ।
- आफूले नजानेको, नबुझ्केको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ। कुनै शंका लागे सोध्नुपर्छ। अन्दाजमा कुनै काम गर्नु हुँदैन।

# युवा, उद्यम र रोजगारी



■ शीतलप्रसाद महतो

विकासका कर्णधार भनेको नै युवा वर्ग हुन्। ती वर्गको उत्पादनशीलता उपयोग नहुनु भनेको युवा बेरोजगार हुनु त हो नै, देशले विकासको सुनौलो अवसर गुमाउनु पनि हो। देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवा, उद्यम र नवप्रर्वतनको भूमिका ठूलो छ। यसर्थ, युवाका लागि रोजगारीमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरूरी छ। यसले शिक्षा र रोजगारीको खोजीमा विदेश जाने युवालाई स्वदेशमै भविष्य खोज्ने बनाउन सकिने छ।

कुनै पनि मुलुकको विकास र समृद्धिको आधारस्तम्भ नै युवा हो। सक्रिय युवाको बाहुल्यता नै कुनै पनि मुलुकको विकास र समृद्धिको मेरुदण्ड हो। कुनै पनि मुलुकका लागि युवाको बाहुल्यता भएको समयावधि ५०-६० वर्षको हुन्छ। त्यसपछिको अवधि भनेको अहिलेका युवा वृद्धावस्थामा प्रवेश गर्ने अवधि हो। यो अवधिमा अधिकांशले केटाकेटीसरह नै बसीखाने आश्रित समुदायमा पर्दछन्। उमेर बढ्दै जाँदा उपचार खर्च पनि बढ्छ र सोहीअनुसार स्वास्थ्यकर्मी र अस्पतालको संख्या बढाउनुपर्ने हुन्छ। अन्ततः यसले सरकारकै खर्च बढाउँछ। वृद्धभत्ता, पेन्सनजस्ता सामाजिक सुरक्षाभत्तामा बर्सेनि ठूलो धनराशि बजेटमा छुट्याउनुपर्दा राज्यले ठूलो व्ययभार बोक्नुपर्ने हुन्छ। यसरी एकातिर राज्यको व्ययभार बढ्ने, अर्कोतिर आर्थिक रूपले सक्रिय उमेर समूहको अनुपात घट्दा आर्थिक वृद्धिमा प्रतिकूल असर पर्ने सम्भावना रहन्छ। तर युवाको जोस, जाँगर र नयाँ विचारलाई उत्पादनमूलक आर्थिक क्रियाकलापमा लगाउँदा अर्थतन्त्र समुन्नतितर्फ लम्किन्छ। युवामा अथाह साहस, जोस, जाँगर र क्षमता हुन्छ, जुन नेपालका सन्दर्भमा दिनानुदिन खेर गइरहेको छ। उनीहरू भोलिका कर्णधारमात्र होइनन्, आजका आर्थिक सामाजिक परिचालक पनि हुन्। त्यसैले युवाको ऊर्जालाई मुलुकको अर्थतन्त्रको सुधारका लागि लगाउनुपर्ने अहिलेको आवश्यकता छ।

काम गरे नै मुलुकको विकास र समृद्धि हुन्छ। भाषण र गफले हुँदैन भन्ने विगतको अनुभवले पुष्टि भइसकेको छ। विकास र समृद्धिका लागि मुख होइन, हात र यन्त्र चलाउन सक्नुपर्छ। यसका लागि युवा समूहको भूमिका महत्त्वपूर्ण हुन्छ। विकास पूर्वाधारको निर्माण र उपयुक्त आर्थिक नीतिमार्फत लगानी र श्रम गर्नेलाई उत्साहित गर्नु राज्यको प्रमुख दायित्व हो। १५ देखि ६५ वर्षसम्मको उमेर समूहलाई कामकाजी वा आर्थिकरूपले सक्रिय हुन सक्ने जनशक्ति मानिन्छ। २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार यस उमेर समूहको अनुपात ६७ प्रतिशत रहेको अनुमान छ। तीमध्ये पनि युवाको जनसंख्या ४२.५६ प्रतिशत छ। त्यसमध्ये करिब ६० प्रतिशत युवा वैदेशिक रोजगारीमा छन्। यसरी आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहको जनसंख्याको अनुपात अधिक हुनुलाई जनसांख्यिकी लाभ उपलब्ध भएको भनिन्छ। यस्तो लाभको उपयोग गरी मुलुकलाई विकास र समृद्धिको बाटोमा डोऱ्याउन सकिन्छ। तर विडम्बना, जनगणनाकै तथ्यांकअनुसार देशमा १९.८ प्रतिशत युवा पूर्णबेरोजगार छन्। बर्सेनि पाँच लाखभन्दा बढी युवा श्रमबजारमा प्रवेश गर्छन्। तीमध्ये पनि १० प्रतिशतले मात्र स्वदेशमा नै रोजगारीका अवसर प्राप्त गर्छन्।

विश्व बैंकका अनुसार रोजगारीको प्रमुख क्षेत्र निजी व्यवसाय हो, जसले ९० प्रतिशत रोजगारी सिर्जना गर्छ। त्यसमा पनि घरेलु, साना तथा मझौला उद्योगको योगदान अझ बढी छ। सरकारी क्षेत्रमा वार्षिक करिब पाँच हजारले मात्र अवसर पाउँछन्। नेपालमा युवा बेरोजगारीको अवस्था गम्भीर छ। विभिन्न अध्ययन र सर्वेक्षणहरूले यो समस्या उजागर गरेका छन्।

राष्ट्रिय जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार, देशको कूल बेरोजगारी दर १२.६५ पुगेको छ। विशेषगरी १५ देखि २४ वर्ष उमेर समूहमा यो दर २२.७५ रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्षमा सूचीकृत बेरोजगारको संख्या करिब आठ लाख पुगेको छ। तथ्यांकको विश्लेषण गर्दा नेपालमा युवा बेरोजगारी दर उच्च रहेको देखिन्छ। यो समस्या समाधान गर्न दीर्घकालीन रोजगार सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्द्धनमा राज्यले ध्यान दिन आवश्यक छ। नेपालमा रोजगारीका बहुआयामिक विषय अझै पनि पहिचान, अभिवृद्धि र निरन्तरता कायम गराउन निकै चुनौती छ। यही अवस्थामा नेपालमा सबै युवाका लागि रोजगारी सिर्जना हुन सम्भव छैन। यसले दक्ष, अर्धदक्ष र अदक्ष सबै प्रकारका युवालाई रोजगारीको खोजीमा देशबाटै पलायन हुनुपर्ने बाध्यता सिर्जना भएको छ। व्यापकरूपमा विस्तारित उद्यमशीलता विकासले मात्र श्रमबजार फराकिलो हुँदै जाने छ।

अहिले नेपाली श्रमबजारमा केही विडम्बना पनि अनुभव हुँदै छ। कतिपय उद्योग प्रतिष्ठानले मुलुकभित्र सीपयुक्त जनशक्ति पाउन नसकेर बाहिरबाट ल्याउनुपरेको छ। कतिपय कालिगढ भारत र बंलादेशबाट आउने गरेका छन् तर नेपाली भने काम नपाएर सस्तो श्रम गर्न विदेश जानुपर्ने बाध्यता छ। काम, श्रम र सीपको प्रभावकारी सन्तुलन मिल्न सकेको छैन। नेपाली शिक्षा बेरोजगार उत्पादन गर्ने कारखानाजस्तो भएको भनेर पनि आलोचना हुने गरेको छ। शिक्षालाई श्रम, सीप, रोजगारी, उद्यमशीलता र स्वरोजगारीसित प्रभावकारीरूपमा जोड्न सकिएको छैन। सीप र दक्षता भएको श्रमशक्तिले देशभित्र र बाहिर दुवैतिर काम गर्न सक्छ। बाहिर गएका कतिपय ठूलो जनशक्ति पनि दक्ष हुन नसक्दा मर्यादित काम पाउन कठिन भएको छ। मर्यादित श्रम वातावरण बनाउन पनि यो रोजगारी प्रवर्द्धन दशकले भूमिका निर्वाह गर्नुपर्छ। श्रमलाई प्रतिफलयुक्त बनाउनुपर्ने छ। श्रमको उचित मूल्य अर्थात् ज्याला पाउने अवस्थासमेत सिर्जना गर्नु आवश्यक छ। वैदेशिक रोजगारीबाट फर्केका धेरै नेपाली देशभित्र उद्यम गर्न चाहन्छन्। त्यसका निम्ति लगानीका वातावरण बनाउनुपर्ने छ।

यसरी विश्वव्यापीकरणसँगै सिंगो विश्व नै एउटा गाउँ भएको छ। सञ्चार एवं प्रविधिको क्षेत्रमा आएको छलाङसँगसँगै वैदेशिक रोजगारीमा रहेका नेपालीका सामु पनि अवसर र चुनौती एकसाथ रहेका छन्। विदेशमा रहँदा विकसित मुलुकले गरेको विकास पछाडिका रहस्यहरू बुझ्ने सबैभन्दा ठूलो अवसर प्राप्त भएको छ। विकासका लागि शासन व्यवस्था, सरकारका अंगहरूले प्रदान गर्ने सेवासुविधा, सार्वजनिक प्रशासनको चुस्तदुरुस्त सेवाप्रवाह, सुशासन र अझ भनौं समयको महत्त्व तथा अनुशासन महत्त्वपूर्ण पक्ष हुन्। सही व्यक्ति सही समयमा सही ठाउँमा भएन भने देशको भविष्य अन्धकार हुन्छ। त्यसरी नै अनुशासन मानवजगत्को गहना हो, भाग्यमाथिको अन्धविश्वास अनुशासन होइन।

अर्को महत्त्वपूर्ण अवसर भनेको वैदेशिक रोजगारीमा रहँदा सिकेको सीप नेपालको हावापानीअनुसार केही परिमार्जनसहित प्रयोगको अवसर पनि हो। अहिले केही युवाले रगत र पसिना नेपालमा नै बगाउनुपर्छ, सुन फल्छ भन्दै विभिन्न उद्यमशीलतामा लागेर सबैलाई हौसला प्रदान गरेका छन्। आजका विकसित मानिएका राष्ट्रहरू त्यसै विकसित भएका होइनन्, त्यहाँका कम्तीमा एक-दुई पुस्ताले अधिक श्रम गरेर सम्भव भएको हो। त्यो सोचको विकास गरेर हामीले विकासको नेतृत्व गर्न सक्छौं कि सक्दैनौं भन्ने चुनौती छ। समय र अनुशासनको पालना गर्दै श्रमको सम्मान गर्न सक्छौं कि सक्दैनौं, बोली र व्यवहारमा एकरूपता ल्याउन सक्छौं कि सक्दैनौं, आफूले प्राप्त गरेका अधिकारलाई जिम्मेवारपूर्वक कर्तव्यमा ढाल्न सक्छौं कि सक्दैनौं, विदेशी भूमिमा भएर पनि नेपालमै जसरी हल्ला गर्ने, उदण्डता देखाउने, नियम-कानुन मिचेकामा गर्व गर्ने गर्छौं कि सभ्य नागरिक भएर बाँच्न सिक्छौं। अहिलेको अहम् प्रश्न हो।

नेपालमा अहिले पनि कुन क्षेत्रमा कति रोजगारीका नयाँ अवसर छन्। कृषिदेखि आइटीसम्म कस्ता सम्भावना देखिन्छन्। अझै पनि सरकारले युवालाई कुन मार्गमा हिँडाउन खोजेको छ भन्ने स्पष्ट मार्गचित्र नीति, कार्यक्रम र बजेटको तादाम्यता छैन। नवीन ज्ञान, सीप र क्षमता भएका उद्यमलाई व्यवसाय गर्नका निम्ति युवालाई आशा, अवसर र आत्मविश्वास चाहिएको छ। पहिलो स्वदेशमा नै पौरख र पसिना बगाउने उत्प्रेरणा चाहिएको छ। जबसम्म आफ्नो माटो कोटचाउने नीति लिन सक्दैनौं कुनै पनि अन्य वैकल्पिक उपायले हामी समुन्नतितर्फको यात्रा प्रारम्भ गर्न सक्दैनौं। युवा उद्यम, साना मझौला व्यवसाय र नवप्रवर्तक 'स्टार्टअप'लाई नीतिगत र व्यावहारिकरूपमा पनि अझै व्यवस्थित, उपलब्धिमूलक र आकर्षित बनाउन सामूहिक प्रयत्नको खाँचो देखिएको छ। नयाँ रोजगारी सिर्जना र उत्पादनमा आत्मनिर्भरता ल्याउने खालका उपयुक्त नीति र नतिजामा प्रस्ट देखिनुपर्ने चुनौती र अवसर राज्यसँग छ।

श्रमको उत्पादकत्वमा उत्पादन तथा आयाम वृद्धि गर्न सकिन्छ भने कतिपय स्थितिमा श्रमलाई रोजगारी अनुकूल बनाएर काममा लगाउन सकिन्छ। हिजोआज उत्पादनमा श्रम, पुँजी र प्रविधिबीचको सन्तुलित प्रयोगले युवाका लागि व्यापक रोजगारी सिर्जना गरेको देखिएको छ। सर्वसुलभ गुणस्तरीय शिक्षा, स्वास्थ्य, तालिम आदिको विस्तारबाट राज्यले भविष्यमा श्रमको उत्पादकत्वमा अनुकूल प्रभाव पार्न सक्छ र रोजगारी सिर्जना गर्छ। व्यावसायिक शिक्षा तथा तालिममार्फत श्रमलाई उत्पादन कार्यसँग जोड्दा रोजगारीको अवसर सिर्जनामा सहयोग पुग्ने देखिन्छ। राज्य र निजी क्षेत्रले समाजमा रोजगारीका अवसर सिर्जना नगरेसम्म जनसांख्यिकी लाभले सार्थक रूप लिन सक्दैन। गरिबी र पछौटेपन हटाउन सक्षम युवाशक्तिलाई नीतिगत ढंगबाटै परिचालन गर्न आवश्यक छ। युवाशक्तिको बेवास्ताले ऊर्जाशील जीवन खेर गइरहेको छ। युवाशक्तिलाई आर्थिक क्षेत्रमा सक्रिय राख्न र आर्थिक उत्पादन सिर्जना गर्न राज्य गम्भीर हुनुपर्दछ। यसले युवामा उत्साह, कर्तव्य र जिम्मेवारी बढाउँछ। सेवाभाव सिर्जना गर्छ। संस्कार, संस्कृति, आदर सम्मानको बोध गराई सामाजिक परिपक्वता प्रदान गर्छ। अनिमात्र मुलुकको आर्थिक विकास र समृद्धि सम्भव हुन्छ।

त्यसैले नवीन सोच, प्रविधि, लगानी स्टार्टअप रोजगारी सिर्जनाको आधार बन्न सक्छन्। सरकारले के कस्ता नीतिमार्फत नवप्रवर्तनको प्रोत्साहन गर्ने योजना बनाइरहेको छ भन्ने प्रश्न उठिरहेका छन्। युवा जनसंख्याको अवस्था, क्षमता र लाभको उपभोग गर्न सक्दैनौं भने आर्थिक समुन्नति सम्भव होला र ? नेपालमा बेरोजगार र अर्धबेरोजगारको संख्या बढी भएकाले जनसांख्यिकी लाभको उपयोग भएको देखिँदैन। यसको उपयोगलाई मापन गर्ने महत्त्वपूर्ण समष्टिगत परिसूचक कूल गार्हस्थ बचतमा पनि वृद्धि भएको पाइँदैन। आर्थिकरूपले सक्रिय हुनसक्ने उमेर समूहको अनुपात ६७ प्रतिशत बढेको देखिँदासमेत कूल गार्हस्थ बचत १० प्रतिशत वरिपरि घुमिराखेको देखिन्छ। यसले पनि युवा जनशक्तिलाई उत्पादनमा उपयोग गर्न राज्यले सकेको छैन भन्ने देखिएको छ।

विकासका कर्णधार भनेको नै युवा वर्ग हुन्। ती वर्गको उत्पादनशीलता उपयोग नहुनु भनेको युवा बेरोजगार हुनु त हो नै, देशले विकासको सुनौलो अवसर गुमाउनु पनि हो। देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवा, उद्यम र नवप्रर्वतनको भूमिका ठूलो छ। यसर्थ, युवाका लागि रोजगारीमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ। यसले शिक्षा र रोजगारीको खोजीमा विदेश जाने युवालाई स्वदेशमै भविष्य खोज्ने बनाउन सकिने छ। युवालाई स्वदेशमै अवसर दिनका लागि सरकारले मात्र होइन, निजी क्षेत्र, गैरसरकारी संघसंस्था र समुदायको पनि सहकार्य आवश्यक छ। युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा सहभागिताका लागि अब ढिला गरिनु हुँदैन। प्रतिफल उन्मुख उद्यम लगानीलाई नै आन्तरिक रोजगारी प्रवर्द्धनको मुख्य मार्ग मान्न सकिन्छ। अनिमात्र मुलुकको समृद्धि हुन्छ। *रासस*

# सेतो मच्छिन्द्रनाथ र आदिनाथको भव्य जात्रा



■ पदम श्रेष्ठ

संसारमा दुःखी, गरिब, असहाय जबसम्म रहिरहन्छन् तबसम्म आफूले बुद्धत्व ग्रहण नगर्ने प्रतिज्ञा गरेका ईश्वर हुन्, आर्यावलोकितेश्वर् सेतो मच्छिन्द्रनाथ। बौद्ध महायानी आस्थानुसार संसारमा १०८ लोकेश्वर अर्थात् लोकको कल्याण गर्ने ईश्वर रहेका छन्। तीमध्ये नेपाल खाल्डोमा मुख्यतया चार लोकेश्वरको विशेष पूजा तथा जात्रा हुने गर्दछ।

१) रोग र सम्बन्धिविच्छेद समाधान गरिदिने चोभार कीर्तिपुरको आनन्दादी लोकेश्वर,
२) वर्षा र सहकाल ल्याइदिने पाटन बुङ्मतीको बुङ्गद्यो भृङ्गपाद अवलोकितेश्वर,
३) सृष्टि र स्थितिलाई समानान्तररूपमा लाने नालाको सृष्टिकान्ता लोकेश्वर, र
४) मृत्युलाई पनि टाढा पुऱ्याउने केलटोल (कोलीय टोल) काठमाडौंमा आर्यावलोकितेश्वर जनबहाः।

यी चार लोकेश्वरमध्ये सेतो मच्छिन्द्रनाथ जनवाद्योको रथारोहण चैत्रशुक्ल अष्टमी (चेतेदसैं)देखि सुरू भई पूर्णिमामा बालाजु बाइसधारामा नुहाउने ल्हुती पून्हीको दिनसम्म चल्दछ। जमल तीनधारा पाठशालाबाट नौतले शिखरशैलीको सेतो मच्छिन्द्रनाथको रथ भोटाहिटी, असन, हनुमानढोका, चिकमुगलहुँदै लगनको माँ सीमा (आमाको रुख) पुऱ्याएपछि विधिवत् सम्पन्न हुन्छ। उत्तरी कोलीयग्राम केलटोल जमल र दक्षिणी कोलीयग्राम लगन हचुमतबीचको सम्बन्ध नवीकरण गर्ने पर्वका रूपमा पनि लिइने रथारोहण तीनधाराबाट थाल्नेबारे कथनअनुसार, लुम्बिनी, कपिलवस्तुमा विरुद्धकद्वारा भएको शाक्यवंशको आमहत्या सँगसँगै उपत्यका भित्रिएका कोलीय (भगवान् गौतमबुद्धका मावली खलक)ले यो जात्रा थालेका हुन्।

तिनै उत्तरी कोलीग्राम जमल केलटोलका बासिन्दाले खेत खन्दा मच्छिन्द्रनाथको मूर्ति फेला पारेका थिए। जुन मूर्तिलाई राजा गुणकामदेवले सपनामा देखाएअनुसार केलटोल कनक चैत्यको पश्चिममा स्थापना गराएको वंशावलीमा उल्लेख छ। केलटोलमा कलात्मक प्यागोडा शैलीको आर्यावलोकितेश्वर मन्दिर प्रतिष्ठापित छ भने ने.सं. ७०८ देखि राजा शिवसिंह मल्लले मूर्ति भेटिएको स्थान जमल तीनधारा पाठशालाबाट चैतेदसैंको दिन राथारोहण थाले। खर्गटोल निवासी दखबाजु प्रधानले गुठी स्थापना गराए।

दशमीका दिन गुरुजु पल्टन बाजागाजासाथ नवमीका दिन असन अन्नपूर्णस्थलमा बास बसाइन्छ। सोही स्थानमा कनफट्टा जोगी नाथ सम्प्रदायद्वारा जुगीचक्र पूजामा राँगाको बलि दिइन्थ्यो तर ज्यापू समुदायले बौद्ध देवतालाई बलि नदिने भनेपछि नरिवल फुटाउने गरिएको छ। सोही दिन हनुमानढोका कालभैरव बास बसाइन्छ। एकादशीका दिन लगनस्थित मच्छिन्द्रनाथकी आमा रुखलाई तीनपल्ट परिक्रमापछि जात्रा सकिन्छ। यसरी यस वर्षको सेतो मच्छिन्द्रनाथको रथारोहण समापन हुन्छ भने अर्कोतर्फ कीर्तिपुरको चोभारस्थित आनन्दादी लोकेश्वरलाई जगत कल्याण कुष्ठरोग निको बनाइदिने देवताको रूपमा भव्य महास्नान र जात्रा गर्ने गरिन्छ।

### आदिनाथ चोभार न्हवँ महास्नान

काठमाडौंको जमलबाट चैते दसैंका दिन जनवाद्यो सेतो मच्छिन्द्रनाथको रथारोहण भइरहँदा कीर्तिपुर चोभारको आदिनाथ (आनन्दादी लोकेश्वर) को न्हवँ महास्नान हुने गर्दछ। महास्नान आदिनाथ प्रतिष्ठापन दिवस अर्थात आदिनाथ थापना भएको दिन पनि हो।

क.सं. ३४०३ मा राजा अंशुबर्माद्वारा चोभार आदिनाथ स्थापित गरेको कथन छ। आख्यानुसार ललितपुर थैबको बैजु टोलमा असिनापरी दुःख दिन थाले छ। रिसको झोकमा ज्यापूहरूले त्यही टोलमा मात्र असिना आउनुको मूल कारण त्यही देवता हो भन्ने ठहर गर्दै मूर्तिलाई नदीमा बगाइदिए छन्। तर देवता रहेको नेखु नदीमा कुष्ठरोगीले नुहाउँदा रोग निको भएछ। तथ्य बुझ्दा थाहा पाई च्वयबहाः (माथिल्लो विहार)मा देवतालाई विधिवत् प्रतिष्ठापन गरेको भन्ने कथन छ तर देवतालाई तत्कालीन चलनअनुसार राँगा बलिका साथ पूजा गर्दा देवता कोफ भई रोगादिले विकराल रूप लिएछ। बिरामीलाई सपनामा आफूलाई हिंसा नगर्न बताएपछि लुभुका नेम्कुललाई पुजारी र नन्दग्वाला (गोपाली) सँग सल्लाह गरी दशकर्मसहित न्हवँ (महास्नान) गराई क्षमा पूजा गरेपछि देशमा रोग शान्ति भएको भन्ने विश्वासका आधारमा प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमीका दिनदेखि महास्नान न्हवँ पूजा थालिएको भन्ने गरिन्छ।

भाषा वंशावलीमा राजा गुणकामदेवद्वारा क.सं.३८२५ ताका महास्नान चलाएको उल्लेख छ तर आदिनाथको मूर्ति तिब्बतियनहरूले चोरेर लगेपछि यहाँ दशकर्म (नेवार समाजमा गरिने जन्म न्वारान, पास्नी, व्रतबन्ध, इही, बाह्रा, जंकु मृत्यु कर्म ) गरिन्छ। चौलाथ्व पारु असनमा अजिमाँ खट जुधाउने दिन आदिनाथको महास्नान न्हवँ हुन्छ। आदिनाथलाई पूजा गर्दा तेस्रोलिंगीका रूपमा (पुरुष-महिला) संस्कार गरिन्छ।

### चैत्य दसैं र आख्यान

आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइने दसैं र कार्तिक कृष्ण त्रयोदशीदेखि द्वितीयासम्म पाँच दिनको चाड तिहार प्राकृतिक आधारमा एकै मानिन्छ। विशेषतः दसैं वर्षमा चार पल्ट मनाइन्छ,। चैत्र शुक्ल प्रतिपदादेखि रामनवनमीसम्म चैतेदसैं, माघ शुक्ल प्रतिपदादेखि दशमीसम्म माघेदसैं, आषाढ शुक्ल प्रतिपदादेखि दशमीसम्म हिलेदसैं, आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म बडादसैं।

तर चैतेदसैं र बडादसैं विशेष किन ? बूढापाकाहरू अहिले पनि भन्छन्- गर्मीका कारण आश्विनमा सारिएको हो। तर जुनसुकै जात्रा-पर्वलाई पनि हिन्दूहरूको महान् पर्व भन्ने थेगो झुन्डयाइँदा एकातिर हिन्दुस्तान (भारत) को राष्ट्रियतालाई अंगीकार गर्न बाध्य छौं भने अर्कोतर्फ नेपाली हावापानी सुहाउँदो प्राकृतिक पर्व दसैं तिहारको मूल मर्ममा भूल परेको छ। हुन पनि चैत, वैशाख, जेठमा हावाहुरीले दुःख दिने, असार, साउन र भदौमा बाढीपहिरो र वर्षात्ले सताउने, मंसिर, पुस र माघ महिनामा जाडोले कठयांग्रिने नेपाली हावापानीको स्वभाव हो। यस्तो उपद्रवबाट बच्दै ठूलो रोगव्याधि, दुःखबाट पार पाएको खुसीयालीमा असार-कात्तिकको ऋतुराज शरदमा नेपालीले दसैं र तिहार मनाउन थालिएको हो।

# बुद्ध दर्शनको प्रचारप्रसार र लुम्बिनीको पर्यटन प्रवर्द्धनमा थाई सरकारको योगदान

■ भरत केसी



**लुम्बिनी–** बुद्ध जन्मस्थल लुम्बिनीमा थाई सरकार र थाई समुदायले बुद्धधर्म र दर्शनको प्रचारप्रसार तथा लुम्बिनीको पर्यटन प्रवर्द्धनका लागि विभिन्न गतिविधिमार्फत योगदान पुऱ्याउँदै आएको छ। बुद्ध जन्मस्थल लुम्बिनीमा थाई सरकारका तर्फबाट धार्मिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान हुँदै आएको छ। यसले नेपाल र थाइल्याण्डबीचको बौद्ध धर्म एवं दर्शनले जोडेको हजारौं वर्षदेखिको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने काम गरेको छ।

थाई सरकारका तर्फबाट लुम्बिनीस्थित थाई विहारमार्फत लुम्बिनीको सांस्कृतिक, धार्मिक र पर्यटन प्रवर्द्धनसँगै शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा काम गर्दै आएको छ। यसअन्तर्गत भूकम्पले क्षति पुऱ्याएका विद्यालयका भवन निर्माण, भूकम्पपीडितका लागि सहयोग, विद्यालयमा शैक्षिक सामग्री वितरण, छात्रवृत्ति वितरण, स्वास्थ्य शिविर सञ्चालनजस्ता गतिविधि सञ्चालन गर्दै आएको थाई बौद्ध विहारको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ।

बुद्ध धर्मको प्रचारप्रसारका लागि थाई सरकारको सहयोगमा लुम्बिनीमा रोयल थाई मन्दिर(विहार) निर्माण गरिएको छ। जुन थाई वास्तुकलाको उत्कृष्ट नमूना हो। यस मन्दिरको उद्घाटन सन् २०१७ मा थाई राजकुमारी महा चक्री सिरिन्धोर्नद्वारा गरिएको थियो। यससँगै बुद्ध जन्मस्थल लुम्बिनीको विकासमा औपचारिकरूपमा थाई सरकारको सहभागिता प्रारम्भ भएको मानिन्छ। लुम्बिनी थाई बौद्ध विहार एउटा सुन्दर र शान्त बौद्ध विहार विशेषगरी थाई शैलीको वास्तुकलामा बनेको छ। लुम्बिनीमा रहेका सबै अन्तर ाष्ट्रिय विहारमध्ये सबैभन्दा आकर्षक र कलात्मक शैलीको मन्दिरमध्ये एक हो।

लुम्बिनीमा निर्माण गरिएको कलात्मक यो गुम्बा निर्माणसँगै यहाँ हरेक वर्ष थाई बौद्ध भिक्षुहरू र तीर्थयात्री पर्यटकको आगमन हुने गरेको छ। थाई नागरिकका लागि बुद्ध जन्मस्थल धार्मिक आस्थाको प्रमुख केन्द्र बनेको छ। यसैले लुम्बिनी थाई पर्यटक र तीर्थयात्री दुवैका लागि महत्त्वपूर्ण गन्तव्य मानिन्छ। यहाँ हरेक वर्ष थाई सहयोगमा तीन महिने वर्षावास कार्यक्रम, प्रवज्या गर्ने कार्यका लागि र मायादेवी मन्दिर परिसरमा त्रिपिटक वाचनका कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

सन् २०२४ सेप्टेम्बरमा, थाइल्याण्डका १७ भिक्षुहरूले लुम्बिनीमा तीन महिने वर्षावास (वर्षा यामको व्रत) बस्दै ध्यान र प्रवचनमा समय बिताएका थिए। लुम्बिनीको धार्मिक, सांस्कृतिक, पर्यटकीय प्रवर्द्धनमा थाई सरकारका तर्फबाट महत्त्वपूर्ण योगदान हुँदै आएको सदस्य सचिव सानुराजा शाक्य बताउँछन्। यसले नेपाल र थाइल्याण्डबीचको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाएको छ। थाई सरकारको आर्थिक र प्राविधिक सहयोगमा शिक्षा, स्वास्थ्य तथा सम्पर्क सुधारका परियोजनाहरू समावेश छन्।

यसैअन्तर्गत थाई सरकारका तर्फबाट गत वर्ष सन् २०२३ जुलाइमा, थाई चिकित्सा टोलीले लुम्बिनीमा स्थानीयका लागि निःशुल्क घुँडा शल्यक्रिया कार्यक्रम सञ्चालन गरी ३२ बिरामीलाई सेवा प्रदान गरेको थियो। यससँगै काठमाडौंस्थित तिलगंगा आँखा अस्पतालको सहयोगमा लुम्बिनीमा आँखा शिविर सञ्चालन गर्दै आएको छ।

थाई समुदायले लुम्बिनीस्थित मेट्टा गुरुकूल स्कुलको भवन निर्माणका लागि आर्थिक सहयोग प्रदान गरेको छ। त्यसले स्थानीय बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्न मद्दत पुऱ्याएको छ। यससँगै लुम्बिनी क्षेत्रका विभिन्न विद्यालयमा थाई बौद्ध विहारले विभिन्न किसिमले सहयोग प्रदान गर्दै आएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको थाइल्याण्डको औपचारिक भ्रमणका क्रममा तीन दिनअघि भएका विभिन्न सम्झौतामध्ये कृषि र पर्यटन क्षेत्रका सम्झौता लुम्बिनी क्षेत्रलाई समावेश गरिएको छ। लुम्बिनी विकास कोषका सदस्यसचिव शाक्य थाइल्याण्ड सरकारका तर्फबाट पहिलेदेखि नै लुम्बिनी क्षेत्रमा कृषिमा लगानी गर्ने प्रस्ताव आएको र अहिले प्रधानमन्त्रीको भ्रमणका क्रममा भएका सम्झौताले अब उनीहरूको कार्यक्रम आउने सम्भावना रहेको बताउँछन्।

यससँगै बौद्ध पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने समझदारीअनुरूप लुम्बिनी पर्यटन प्रवर्द्धनमा थाई सरकारको लगानी बढाउने अपेक्षा गरिएको सदस्यसचिव शाक्यले बताए। सन् २०२५ को फेब्रुअरी महिनामा चार हजार ६२० थाई पर्यटक बुद्ध जन्मस्थल लुम्बिनी आएका छन्। गत महिना लुम्बिनी आएका तेस्रो मुलुकका पर्यटकमध्ये सबैभन्दा बढी थाई पर्यटक हुन्।

गत महिना लुम्बिनीमा विभिन्न धार्मिक गतिविधि भएकाले पनि विभिन्न बुद्धिष्ट मुलुकबाट आउने पर्यटकको संख्या बढेको हो। धार्मिक कार्यक्रमका कारण पनि थाइल्याण्डबाट आएका भिक्षुहरूको चहलपहल बढेको हो। लुम्बिनी विकास कोषका सूचना अधिकारी राजन बस्नेतले गत फागुन १६ गतेदेखि एक हजार २०० नेपालीलाई प्रवज्या गर्ने कार्यका लागि र मायादवी मन्दिर परिसरमा त्रिपिटक वाचन कार्यक्रमका लागि थाइल्याण्डबाट बुद्ध धर्मावलम्बी आएका हुन्। एक महिनासम्म चलेको यी धार्मिक कार्यका लागि आर्थिक सहयोग थाइल्याण्डबाटै भएको थियो।

लुम्बिनी भ्रमणमा आएका तेस्रो मुलुकका पर्यटकमध्ये थाइल्याण्डबाट आउने पर्यटकको संख्या दोस्रो स्थानमा रहेको छ। सन् २०२४ को फेब्रुअरीमा तीन हजार ९८१ थाई पर्यटक लुम्बिनी आएका थिए। सन् २०२३ को फेब्रुअरीमा तीन हजार ३६७ र कोभिडअघि सन् २०१९ मा छ हजार २०८ थाई पर्यटक लुम्बिनी आएका थिए। *रासस*



**पाठ्यपुस्तक पठाउन सुरु** | नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ म्याग्दीले आगामी शैक्षिक सत्रका लागि सरकारी विद्यालयमा पाठ्यपुस्तक पठाउन बेनीमा सञ्चालन गरेको बिक्री केन्द्र। व्यवसायीहरूले दुर्गमका विद्यालयलाई प्राथमिकता दिन १५ हजार सेट पुस्तक ल्याएर पुस्तक बिक्री वितरण सुरु गरेका छन्। *तस्बिरः कमल खत्री/रासस*

# मुस्ताङमा भित्रिए तीन लाख ९७ हजार पर्यटक

**मुस्ताङ–** चालु आर्थिक वर्षको हालसम्म धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा तीन लाख ९६ हजार ९०१ पर्यटक भित्रिएका छन्। गत साउनदेखि चैत १८ गतेसम्मको प्रहरी तथ्यांकअनुसार मुस्ताङमा आन्तरिक तथा बाहच गरी उक्त संख्यामा पर्यटक भित्रिएका हुन्।

मुस्ताङमा चालु वर्षको साउनदेखि हालसम्ममा तीन लाख ३३ हजार ८४५ आन्तरिक र ६३ हजार ५६ जना विदेशी पर्यटक जिल्लामा भित्रिएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिए। उनका अनुसार साउनदेखि हालसम्ममा दुई लाख ३८ हजार ३५४ पुरुष र ९५ हजार ४९१ महिला आन्तरिक नेपाली पर्यटक मुस्ताङ भित्रिएका हुन्।

यसैगरी ३५ हजार ६१८ पुरुष र २७ हजार ४३८ महिला विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका छन्। चालु आवको साउनदेखि हालसम्म आन्तरिक पर्यटक ८१ प्रतिशत र विदेशी पर्यटक १९ प्रतिशतले मुस्ताङ जिल्लाको भ्रमण गरेका प्रहरी निरीक्षक अधिकारीले जानकारी दिए। उनका अनुसार मुस्ताङ भित्रिने बाहच पर्यटकमध्ये ८० प्रतिशत भारतीय र २० प्रतिशत अन्य मुलुकका रहेका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार गत आवमा आन्तरिक तथा बाहच पर्यटक गरी चार लाख ५४ हजार ३२६ ले मुस्ताङको भ्रमण गरेका थिए। जसमध्ये आन्तरिक तीन लाख ५४ हजार ९२७ र बाहच ९९ हजार ३९९ छन्। पछिल्लो समय क्रमिकरूपमा सडक सञ्जाल सुधारहुँदै जान थालेपछि आन्तरिक तथा बाहच पर्यटकको आगमन वृद्धि भइरहेका प्रहरी निरीक्षक अधिकारीको भनाइ छ। उनका अनुसार जिल्लाको पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ धाम र कागबेनी श्राद्धस्थलमा तीर्थ गर्न आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ।

मुस्ताङ भित्रिएका नेपाली पर्यटकहरू मुक्तिनाथ दर्शन गरी उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएको कोरलानाकासम्म पुग्ने गरेका छन्। मुस्ताङ धार्मिक तथा सांस्कृतिक विविधतापूर्ण जिल्ला भएको र यहाँको पृथक भूगोलले पर्यटकलाई थप आकर्षित गर्ने भएकोले बर्सेनि यहाँ आउने पर्यटकको संख्या वृद्धि हुँदै जान थालेको हो।

राष्ट्रिय गौरवको कोरला सडक सहज हुँदै गएपछि कोरलानाकासम्म आन्तरिक पर्यटक पुग्ने गरेका लोमान्थाङ गाउँपालिका अध्यक्ष टसिनर्बु गुरुङले बताए। यहाँ अवस्थित वर्षौं पुराना गुम्बा, माने, छचोर्तेन, मठमन्दिर र ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा, गुफालगायत सुन्दरताका कारण मुस्ताङ पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण गन्तव्य बन्दै गइरहेको उनको भनाइ छ।

उपल्लो मुस्ताङमा ७०० वर्ष पुरानो मुस्ताङी सांस्कृतिक राजाको दरबारका साथै गुरु पद्मसम्भवसँग जोडिएका दर्जनौं धार्मिक गुम्बाहरू पर्यटकका लागि विभिन्न खोज तथा अनुसन्धानको केन्द्र बन्दै गएका अध्यक्ष गुरुङले जानकारी दिए। मुस्ताङको धार्मिक तथा सांस्कृतिक सम्पदा, यहाँको रहनसहन, जीवनशैली र स्थानीय चाडपर्वहरूको मौलिकता अवलोकन गर्न बर्सेनि आन्तरिक तथा बाहच पर्यटकको आगमन वृद्धि हुने गरेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उल्लेख गरे। *रासस*

# बसाइँसराइ रोक्न ग्रामीण क्षेत्रमा विकासका योजना सञ्चालनमा



**म्याग्दी–** सहरी विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०८१/८२ मा करिब १७ करोड रूपैयाँको लागतमा यातायात पूर्वाधार निर्माणसम्बन्धी १६ वटा योजना सञ्चालनमा ल्याएको छ। मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विकास आयोजना पोखरामार्फत दुई झोलुंगे पुल, नौ वटा सडक र सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङमार्फत तीनवटा सडक योजना विभिन्न निर्माण कम्पनीसँग १५ करोड १७ लाख २२ हजार रूपैयाँमा ठेक्का सम्झौता गरी कार्यान्वयन गरिएको हो।

चालु आर्थिक वर्षमा एक करोड ६० लाख रूपैयाँ बजेट विनियोजन भएको दुईवटा योजना ठेक्का प्रक्रियामा छन् भने एक करोड १० लाख रूपैयाँ बजेटका दुईवटा योजनालाई बहुवर्षीय ठेक्का आह्वान गर्न मन्त्रालयमा स्रोत सहमतिका लागि प्रस्ताव गरिएको छ। झोलुंगे पुलबाहेकका आयोजनाहरू चालु आर्थिक वर्षभित्र नै सम्पन्न हुने प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा (खम्बिर)ले बताए। योजनाहरूमार्फत ग्रामीण क्षेत्रमा सहज यातायात सेवाको पहुँच विस्तार भई बसाइँसराइ घटाउने अपेक्षा गरिएको उनले बताए।

सघन सहरी तथा भवन निर्माण योजनामार्फत चार करोड ७५ लाख रूपैयाँ बजेट विनियोजन भएको बेनी नगरपालिकामा एकीकृत सहरी पूर्वाधार विकास गर्ने कार्यक्रमअन्तर्गत तीन करोड १९ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको बेनी नगरपालिका-८ कालीपुलदेखि वडा नं.-७ मा रहेको दरबाङ बसपार्क जोड्ने बेनी चक्रपथ सडक ढलान गर्ने योजना सुरु भएको छ।

उक्त कार्यलयमार्फत ६५ लाख ३८ हजार रूपैयाँको लागतमा कुहुँ-टोड्के-झि र एक करोड तीन लाख २८ हजार रूपैयाँमा मौवाफाँट-दग्नाम-दरमिजा-चिमखोला हुँदै कुइनेमंगले सडक स्तरोन्नति योजना कार्यान्वयन भएको छ। योजनाका इञ्जिनियर वीरबल सुनारले ५० शयचा क्षमताको बेनी अस्पतालको भवन निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिए। स्थानीय पूर्वाधार विकास आयोजनामार्फत चार करोड ७० लाख ३६ हजार रूपैयाँको लागतमा धवलागिरि गाउँपालिकाको मराङखोलामाथि ३६५ र मुनाको दरखोलामाथि ३५५ मिटर लामो झोलुंगे पुल निर्माणाधीन छन्।

आयोजनाका इञ्जिनियर मनिष अधिकारीले धवलागिरी गाउँपालिका-४ बगर तातोपानी कुण्ड जाने बाटोमा म्याग्दी नदीमाथि २५० मिटर लामो झोलुंगे पुल निर्माणका लागि चालु आर्थिक वर्षमा ६० लाख रूपैयाँ बजेट विनियोजन भएको योजना कार्यान्वयनका लागि ठेक्का प्रक्रियामा रहेको जानकारी दिए। उनका अनुसार सडक पूर्वाधार विकास कार्यक्रममार्फत पाखापानी-कुइनेमंगले-मल्कवाङ, गलेश्वर-दशमुरे-मौवाफाँट-दग्नाम-दरमिजा-कुइनेमंगले-घ्यासीखर्क सडक स्तरोन्नतिका लागि ठेक्का सम्झौता गरेका निर्माण कम्पनीहरूले ढलान, पक्की नाला र टेवा पर्खाल निर्माण थालेका छन्।

वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रममार्फत मौवाफाँट-दग्नाम-दरमिजा-चिमखोला हुँदै कुइनेमंगले, कुहुँ-टोड्के हुदै झिँ, अन्नपूर्ण गाउँपालिकाको दोसल्ले-काफलडाडा-नागी, मालिकाको छ्यारछ्यारेहुँदै मंगलाको टिकावाङ र बेनी नगरपालिकाको अर्थुंगे देउराली-भराले-पुत्लेढुंगा सडक आयोजना कार्यान्वयनमा रहेका छन्।

एक करोड रूपैयाँ बजेट विनियोजन भएको धवलागिरि गाउँपालिकाको लुलाङ-गुर्जा सडक स्तरोन्नति योजना ठेक्का प्रक्रियामा छ। ५० लाख रूपैयाँ बजेट विनियोजन भएको बेनीको मंगलाघाट र बगरफाँट जोड्ने म्याग्दी नदीमा मोटरेबल पुल निर्माणसम्बन्धी योजनाको बहुवर्षीय ठेक्का आह्वानका लागि गरिएको प्रस्ताव अर्थ मन्त्रालयले स्वीकृत गरेको छैन। *रासस*

## प्रहरीचौकी बनाउन ३३ लाखको जग्गा दान

**पर्वत (प्रस)–** फलेवास नगरपालिकाका बासिन्दाले वडा कार्यालय र प्रहरीचौकी निर्माणका लागि ३३ लाख ५० हजार रूपैयाँको नौ रोपनी जग्गा दान गरेका छन्।

फलेवास-५ खानीगाउँका बासिन्दाले चन्दा संकलन गरी जग्गा किनेर नगरपालिका र जिल्ला प्रहरी कार्यालयलाई लालपुर्जा हस्तान्तरण गरेका हुन्। स्थानीयवासीका साथै स्वदेश तथा विदेशमा रहेकाहरूलेसमेत जग्गा खरिद गर्न सहयोग गरेका स्थानीय समाजसेवी भोलानाथ शर्मा लम्सालले जानकारी दिए। प्रहरीको भवन निर्माण गर्न पाँच रोपनी तीन आना तथा वडा कार्यालय निर्माण गर्न चार रोपनी जग्गा खरिद गरिएको उनले बताए।

अहिलेसम्म प्रहरीचौकी भाडाको घरमा सञ्चालन हुँदै आएको छ भने वडा कार्यालय फलेवास सिँचाइ आयोजनाको कार्यालयमा सञ्चालन भइरहेको छ। जग्गाको लालपुर्जा प्रहरी नायब उपरीक्षक रविन विष्ट र खानीगाउँका वडाध्यक्ष नारायणप्रसाद लामिछानेलाई हस्तान्तरण गरिएको छ।

## जनकपुरका विद्यालयमा पाठ्यपुस्तकमा एकरूपता ल्याउने निर्णय

धनुषा (प्रस)- जनकपुरधाम उपमहानगरपालिकाले नगरका सम्पूर्ण विद्यालयका पाठ्यपुस्तकमा एकरूपता ल्याउने निर्णय गरेको छ। नगर शिक्षा समिति तथा निजी विद्यालय संगठन (प्याब्सन) का नगरसंयोजक दीपक ठाकुरले बिहीबार एक विज्ञप्ति जारी गर्दै निर्णयबारे जानकारी दिएका हुन्। 'विद्यार्थीहरूलाई समान शैक्षिक अवसर उपलब्ध गराउनु हाम्रो प्राथमिकता हो, यस निर्णयले शिक्षामा गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीलाई समान अध्ययन वातावरण उपलब्ध गराउने छ,' उनले भने।

उनले स्थानीय शिक्षा समिति र सरोकारवालाहरूसँग समन्वय गरेर प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरेका छन्। प्याब्सन, एनप्याब्सनलगायतबीच छलफल गरी नगरका निजी तथा संस्थागत विद्यालयमा एउटै पाठ्यपुस्तक प्रयोग गर्ने सहमति भएको छ।


**Dharan Sub Metropolitan City**
**Office of Municipal Executive**
**Invitation for Bids**

Invitation for Bids No: 11/DHARAN/GOODS/NCB/081/82
**Date of publication:**-06-04-2025 07:00 AM

1. ***Dharan Sub Metropolitan City*** invites electronic bids from Nepalese eligible bidders for the **Procurement of Sanitary pad for Community Schools** under National Competitive Bidding procedures. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of Dharan Sub- Metropolitan City Office, Dharan at 06-05-2025 13:00.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.



**बहराइनमा रोजगार** कम्पनी : DAR ALMARIFA CENTRE FOR EDUCATION

पूर्व स्वीकृति मिति : २०८१/१२/२३ | LT. No. 321580 | चलानी नं. ६०२३५६८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER | 03 | 0 | 120 | ४३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र ३१ गते (12th Apr. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

# प्रभाव दैनिक

रूपशाला




### चलचित्र 'झिल्को'को गीत 'नाच पुतली' सार्वजनिक

नेपाली चलचित्र 'झिल्को' को गीत 'नाच पुतली' सार्वजनिक गरिएको छ । सार्वजनिक गरिएको यो गीत मार्मिक भावनासँग जोडिएको छ, जसमा दुखी बालिकालाई फकाउँदै उसलाई खुसी बनाउने प्रयास गरिएको देखिन्छ । गीतमा आनन्द अधिकारीको शब्द, दीपक शर्माको सङ्गीत, र शाहिमा श्रेष्ठको स्वर छ । गीतको भिडियोमा आश्मा विश्वकर्मा र चाहना पुनको आकर्षक नृत्य देख्न सकिन्छ । भिडियोमा अभिनेता सुनिल पोखरेलको उदासीपूर्ण उपस्थिति देखाइएको छ, जसले चलचित्रको कथाको गम्भीरतालाई दर्साइरहेको छ ।


आइतबार, २४ चैत २०८१ (Sunday, April 06, 2025)


# बबरमहलमा संयुक्त कला प्रदर्शनी

■ प्रभाव संवाददाता



**काठमाडौं–** बबरमहलस्थित नेपाल कला परिषदमा पाँच महिला कलाकारले संयुक्त कला प्रदर्शनी सुरु गरेका छन् । 'टुगेदरनेस' शीर्षकमा सुरु भएको प्रदर्शनीमा अवलोकनकर्ताले कलाकृतिबारे खुलेर प्रसंशा गरेका छन् । प्रदर्शनीमा कृति शाह चन्द, कीपा राणा, पूजा अग्रवाल, सन्ध्यासिंह महर्जन र सगुन शाह सिंहका सृजना राखिएको छ । प्रदर्शनी यही चैत २५ गते सञ्चालन हुनेछ ।

कलाकार कृति शाह चन्दले आफूले आरोह अवरोह शीर्षकको अमूर्त कलामा मानवीय जीवनका उतारचढावलाई क्यानभासमा उतारेको बताइन् । उनले भनिन्, 'मान्छेको जीवनमा सुख, दुःखसहितका उतारचढाव आइरहन्छ, त्यसलाई आत्मसात् गर्दै अघि बढ्नुपर्छ भन्ने सन्देश कलामार्फत प्रस्तुत गर्ने प्रयास गरेकी हुँ ।' उनले आफूले जीवनमा भोगेका विभिन्न परिस्थितिलाई कुचीमार्फत क्यानभासमा उतारेको सुनाइन् । उनका पारसमणि, अटुमन लभ, शान्तिको प्रतिक स्वयम्भूनाथलगातका कला प्रदर्शनीमा राखिएको छ ।

कलाकार कीपा राणाले दैविशक्तिको सशक्त धारलाई क्यानभासमा उतारेकी छिन् । उनले भनिन्, 'म शिवजीको भक्त हुँ, उहाँका सबै स्वरूपहरू चित्ताकर्षक लाग्छन्, त्यही समर्पण भावलाई कलामा समेट्ने प्रयास गरेकी हुँ ।' पौभा कलालाई मूलधारमा समेट्दै अघि बढेकी कलाकार सन्ध्यासिंह महर्जनका कलाले पनि धेरैको मन तानेको छ । नेपाली कलाको धरोहर मानिने लोककला विधाको पौभामा उनका कृति उत्कृष्ट देखिएका छन् । उनले भनिन्, 'सहस्रभुजा लोकेश्वरको पौभा बनाउन साढे दुई वर्ष लाग्यो, महाकालको पौभा कला बनाउन दुई वर्ष लाग्यो ।' उनको 'न्यूड आर्ट'मा पनि धेरै अवलोकनकर्ताले रुचिपूर्वक हेरेका थिए ।

कलाकार पूजा अग्रवालले आफूले यथार्थ र भ्रमको परिकल्पनाका आधारमा कला सिर्जना गरेको बताइन् । उनले भनिन्, 'वास्तविक जीवनमा हामीले भगवान्को स्वरूप देखेका छैनौं र सानो छँदा आमाले सही र गलतबीचको फरक फूलको बिरुवाको उदारहण दिँदै बताउनुभएको थियो, त्यसैलाई कल्पना गर्दै क्यानभासमा उतारेकी हुँ ।' कलाकार सगुन शाह सिंहको कलामा भगावन् गणेशका अनेक भावहरू समेटिएका छन् । मनमोहक गणेश, सौम्य गणेश, रङ्गीन स्वभावका गणेशका चित्र र चरित्रहरू क्यानभासमा उतारिएको उनले बताइन् । उनले भनिन्, 'सानैदेखि म गणेश भगवान्को व्रत बस्थे, गणेश भगवानप्रतिको लगाव नै चित्रहरूमा कुँदिएका छन् ।'

ललितकला गुठीको आयोजनामा सुरु भएको प्रदर्शनीले महिला कलाकारको सामूहिकता र कलाको निखारता दुवैलाई एकसाथ समेटेको गुठीका संस्थापक उत्तम डङ्गोलले बताए । वरिष्ठ कलाकार शशिविक्रम शाह नारी शक्ति पुरुष शक्तिभन्दा सशक्त रहेको टिप्पणी गरे । महिलाको संयुक्त प्रयासले समाजमा कलामार्फत गहन प्रभाव पारेको उनको भनाइ थियो ।

# पिताम्बरलाई 'पिजी' सर्टिफिकेट

■ प्रभाव संवाददाता



**काठमाडौं–** यही चैत २९ गते रिलिज हुने मल्टिस्टारर फिल्म 'पिताम्बर' ले केन्द्रीय चलचित्र जाँच समिति(सेन्सर)बाट 'पिजी' सर्टिफिकेट पाएको छ । 'पिजी' सर्टिफिकेट पाएसँगै अब यो फिल्म हेर्न १६ वर्ष मुनिका बालबालिकाले बाबु-आमाको साथ लिनुपर्नेछ ।

केपी फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मसको व्यानरमा निर्माण भएको फिल्ममा कृषा चौलागाईंको निर्देशन छ । फिल्ममा प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, आर्यन सिग्देल, कामेश्वर चौरासिया, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्ट, आशिष पुरुष, ललित विष्ट, किशोर भट्ट, विनोदकुमार पौडेल, नारायण काफ्ले र रविन्द्र भट्टराईको अभिनय छ ।

फिल्ममा बाल कलाकारका रूपमा आर्नव घिमिरे, प्रयुस दत्त सुवेदी, आध्य लामिछाने, आरोह चौलागाईं र सुप्रोल बुढाथोकी (अनमोल)ले समेत अभिनय गरेका छन् ।

विशाल चौलागाईं निर्माता रहेको फिल्ममा पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाईं सह-निर्माता, सुमन गौतम कार्यकारी निर्माता, प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद, पुरुषोत्तम प्रधानको डीओपी, शेरबहादुर लामा र मानकृष्ण महर्जनको छायांकन, बन्दे प्रसादको सम्पादन र ट्रेलर, समिर मिया र सत्यम रानाको भीएफएक्स, आशीष अविरल र बाबुल गिरीको संगीत, हिमाल केसीको द्वन्द्व छ । फिल्म आरआर फिल्मस्ले वितरण गर्दैछ ।

# नोरा फतेही नेपाल आउँदै

**काठमाडौं (प्रस)–** भारतीय अभिनेत्री तथा नृत्याङ्गना नोरा फतेही नेपाल आउने भएकी छिन् । शिक्षाबाट वञ्चित बालबालिकाको क्षेत्रमा काम गर्दै आएको सामाजिक संस्था 'ह्युमन रेस्पेक्ट नेपाल'को सहयोगार्थ आयोजना हुने च्यारिटी कार्यक्रमका लागि अभिनेत्री फतेही नेपाल आउन लागेको आयोजक वर्ल्डवाइड फिल्मस् नेटवर्क प्रालिका अध्यक्ष देव मगरले बताए ।

उनले भने, 'मनोरञ्जनमार्फत सामाजिक कार्यलाई सहयोग गर्ने उद्देश्यले हामीले यो कार्यक्रम गर्न लागेका हौं, नेपालमा अभिनेत्री फतेहीको माग देखेर हामीले कार्यक्रमका लागि गरेको अनुरोधमा उहाँ सहमत हुनुभएको हो ।'

उनले आगामी वर्ष विसं २०८२ को ३ जेठमा बौद्धस्थित हायातको चौरमा 'नोरा फतेही लाइभ इन नेपाल' शीर्षकमा कार्यक्रम आयोजना हुने बताए । नेपाल आउन र नेपालीलाई भेट्न आफू उत्साहित रहेको अभिनेत्री फतेहीले बताएकी छिन् । उनले एक श्रव्यदृश्य सन्देशमार्फत आफू पहिलो पटक नेपाल आउने र यहाँबाट अहिलेसम्म प्राप्त गरिरहेको मायाका लागि धन्यवाद व्यक्त गर्दै आफ्नो प्रस्तुति दिने बताएकी छिन् ।

'म काठमाडौं आउन उत्साहित छु, यो मेरो पहिलो भ्रमण हुनेछ, सामाजिक कार्यका यो कार्यक्रमलाई सफल बनाउन सबैलाई आग्रह गर्दछु', अभिनेत्री फतेहीले श्रव्यदृश्यमा भनेकी छिन् । इभेन्टको व्यवस्थापन मनु मिडिया प्रालिले गर्नेछ । कार्यक्रमका लागि भारतको मुम्बईबाट अभिनेत्री फतेहीसहित २० वटा नृत्याङ्गना प्रस्तुति दिन नेपाल आउने आयोजकले जनाइएको छ ।



## रंगशाला

# त्रिशुली अल्ट्रा रेसमा होमलाल र सुनसरी पहिलो



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आर्मीकाद्वय होमलाल श्रेष्ठ र सुनसरी रोकाया ५५ किलोमिटर दूरीको त्रिशुली अल्ट्रा रेसमा शनिबार पहिलो भएका छन् । पुरुषमा होमलाल र महिलामा सुनसरी पहिलो भएका हुन् । नेपाल एडभेन्चर रनिङ महासंघद्वारा आयोजित अल्ट्रा रेसमा होमलालले निर्धारित दूरी ४ घण्टा ३३ मिनेट २२ सेकेन्डमा पूरा गरे । आर्मीकै गोपाल तामाङ ४ घण्टा ३५ मिनेट ५७ सेकेन्ड समयमा दोश्रो तथा सोलुखुम्बुका अर्जुन कुलुङ राई ४ घण्टा ४१ मिनेट ४० सेकेन्ड समयमा तेश्रो भए ।

आर्मीका तिलकबहादुर सुनवार चौथो, रुकुमका शक्तिराम रोक्का पाँचौं, त्रिशुलीका राजेश उपरकोटी छैटौं, एपीएफका राजेन्द्र तामाङ सातौं, आर्मीका जुनेश खड्का आठौं, नविल बैंकका शेर थारु नवौं र रुकुमका दुर्गाराज बुढा दसौं भए । प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको सहयोगमा भएको प्रतियोगिताको महिलामा सुनसरीले निर्धारित दूरी गर्न ५ घण्टा ५१ मिनेट समय खर्चिन् ।

६ घण्टा १३ मिनेट २४ सेकेन्ड समय लगाएकी खोटाङकी निर्मला राई दोश्रो भइन् । तेश्रो स्थानकी नेपाल प्रहरीकी लाक्पा निमा शेर्पाले ७ घण्टा १४ मिनेट २० सेकेन्डमा दौड सकाइन् । पुरुष/महिला दुवैमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः १ लाख, ७५ हजार र ५० हजार नगद पुरस्कार हात पारे । चौथोले २० हजार, पाँचौंले १० हजार र छैटौंदेखि दसौं स्थानमा आउनेले जनही ३ हजार रूपैयाँ प्राप्त गरे ।

विजेतालाई बागमती प्रदेशका मुख्य मन्त्री बहादुरसिंह लामा, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य-सचिव दीपक लामा, विदुर नगरपालिकाका उपमेयर प्रभा बोगटी, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पूर्व कार्यकारी समितिका सदस्य एवं आयोजक नेपाल एडभेन्चर रनिङ महासंघका अध्यक्ष एकेन्द्रबहादुर कुँवर, राखेपका सदस्य जनकसिंह धामीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । यसअघि प्रतियोगिताको मुख्य मन्त्री लामाले नै उद्घाटन गरेका थिए ।

समापन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले अल्ट्रा रेसले कुनैपनि क्षेत्रको पर्यटकीय स्थलको प्रवर्द्धन र पहिचान गर्न मद्दत पुग्ने धारणा व्यक्त आगामी दिनमा पनि प्रतियोगितालाई बागमती प्रदेश सरकारको सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे ।

अध्यक्ष कुँवरले अल्ट्रा रेस आयोजनामा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिँदै महासंघले खप्तडमा बृहत अल्ट्रा रेस आयोजनाका लागि तयारी अगाडि बढाइरहेको बताए । उनले त्रिशुली अल्ट्रा रेसलाई आगामी दिनमा पनि निरन्तरता दिँदै अझ बृहत स्वरूपमा आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरे ।

दौड नुवाकोटको बेलकोटगढीबाट सुरु भइ मलाकोट, शेराकोट, नुवाकोट दरबार, सूर्यगढी, बेत्रावती हुँदै नुवाकोटकै देवीघाट मन्दिरमा आएर टुंगिएको थियो । दौडमा ३ विदेशी खेलाडीसहित १ सय २५ खेलाडीको सहभागिता रहेको प्रतियोगिता संयोजक आयोजक महासंघका वरिष्ठ उपाध्यक्ष राजन खत्रीले जनाएका छन् ।

एनएसएल फुटबल

# पोखराको पहिलो जित काठमाडौं पराजित

## ललितपुर र धनगढी बराबरीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं रेजर्सलाई हराउँदै पोखरा थन्डर्सले नेपाल सुपर लिग (एनएसएल) मा पहिलो जित निकालेको छ भने दोस्रो खेलमा ललितपुर सिटी एफसी र उपवजिता धनगढी एफसीको खेल बराबरीमा टुंगिएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न दिनको पहिलो खेलमा पोखरा २-० ले विजयी भएको हो । जितसँगै पोखराले तीन अंक हात पारेको छ ।

पोखरा तीन खेल खेल्दै पुछारबाट चौथो स्थानमा उक्लिएको छ । एफसी चितवनसँग २-० र साबिक विजेता ललितपुर सिटी एफसीसँग पोखरा ३-२ ले पराजित भएको थियो । काठमाडौंको भने यो पहिलो हार हो । पहिलो खेलमा काठमाडौंले ललितपुरलाई २-२ को बराबरीमा रोकेको थियो । दोस्रो खेलमा झापा एफसीसँग काठमाडौं गोलरहित बराबरीमा रोकिएको थियो । पोखराको जितमा स्टेफेन समीर विनोङ र र सुदील राईले गोल गरे । खेलको २५औं मिनेटमा विनोङले सुरुआती अग्रता दिलाएका थिए ।

उज्वेकिस्तानका साइददोस्तोन जाफारोभले दिएको पासमा उनले बक्सभित्रबाट हेडरमार्फत गोल गरेका हुन् । उनको सटीक हेडरलाई काठमाडौंका गोलकिपर अभिषेक बरालले रोक्ने कुनै अवसर नै पाएनन् ।

त्यसको आठ मिनेटपछि नै पोखराले पेनाल्टी पाएको थियो । अग्रता बढाउने अवसरमा अभिषेक बाधक बने । काठमाडौंका कप्तान कुलिदीप कार्कीले विनोङलाई बक्समा लडाएपछि पोखराले पेनाल्टी पाएको थिए । तर, विनोङको प्रहार अभिषेकले सहजै बचाए । ५९औं मिनेटमा पोखराले अग्रता दोब्बर बनायो । कप्तान आयुष घलानको क्रसमा सुदीलले गोल गरेका हुन् ।



### ललितपुर र धनगढी बराबरीमा

साबिक विजेता ललितपुर सिटी एफसी र उपविजेता धनगढी एफसीले नेपाल सुपर लिग (एनएसएल) बराबरी खेलेका छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न खेलमा यी दुई टोलीले गोलरहित बराबरी खेलेका हुन् । यो नतिजासँगै दोस्रो स्थानमा रहेको ललितपुरले तीन खेलबाट पाँच अंक पुऱ्याएको छ । एक खेल कम खेलेको धनगढीको भने चार अंक छ ।



महाभियोगबाट पदच्युत भएका दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलको पक्षमा सियोलको एक सडकमा आयोजित र्‍यालीमा सहभागी उनका समर्थकहरू । दक्षिण कोरियाको सर्वोच्च अदालतले राष्ट्रपति युनमाथि लगाइएको महाभियोग शुक्रबार सदर गरेको थियो । *तस्बिरः एएफपी*

# ट्रम्पको विश्वव्यापी भन्सार शुल्क कार्यान्वयनमा

## अमेरिकी व्यापारमा नाटकीय परिवर्तन

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हालसम्मकै व्यापक भन्सार शुल्क शनिबारदेखि लागू भएको छ । यसले प्रतिक्रियास्वरूप जवाफी कारबाही र बढ्दो व्यापारिक तनाव निम्त्याउन सक्ने र विश्व अर्थतन्त्रलाई अस्तव्यस्त पार्न सक्ने सरोकारवालाहरूले बताएका छन् ।

मेक्सिको र क्यानाडाका सामानहरूबाहेक अधिकांश अमेरिकी आयातमा असर पार्दै मध्यरातमा १० प्रतिशत 'आधार भूत' भन्सार शुल्क लागू भयो । यसमा ट्रम्पले देशको व्यापार घाटासँग सम्बन्धित समस्याहरू समाधान गर्न आपत्कालीन आर्थिक शक्तिहरूको आह्वान गरे । ह्वाइट हाउसका अनुसार व्यापार अन्तरहरू सम्बन्धहरूमा 'पारस्परिकताको अभाव' र अन्य नीतिहरू जस्तै 'अत्यधिक मूल्यवृद्धि करहरू' द्वारा प्रेरित थिए ।

अप्रिल ९ मा युरोपेली संघ (इयू), जापान र चीनसहित करिब ६० व्यापारिक साझेदार प्रत्येक अर्थतन्त्रका लागि अनुकूल उच्चदरको सामना गर्न तयार छन् । पहिले नै अर्को हप्ता सुरु हुने चिनियाँ सामानहरूमा ट्रम्पको ३४ प्रतिशत भन्सार शुल्कले बेइजिङले अप्रिल १० देखि अमेरिकी उत्पादनहरूमा ३४ प्रतिशत नै भन्सार शुल्क लगाउने घोषणा गरेको छ । बेइजिङले विश्व व्यापार संगठन (डब्ल्युटिओ) मा संयुक्त राज्य अमेरिकामाथि मुद्दा हाल्ने र उच्चस्तरको चिकित्सा र इलेक्ट्रोनिक्स प्रविधिमा प्रयोग हुने दुर्लभ खनिज तत्त्वहरूको निर्यातलाई प्रतिबन्ध लगाउने पनि बताएको छ ।

तर अन्य प्रमुख व्यापारिक साझेदारहरूले अन्तर्राष्ट्रिय गतिरोध र मन्दीको डरको विकास भइरहेको बेला आफूलाई रोकेका छन् । ट्रम्पले शुक्रबार सामाजिक सञ्जालमा 'चीनले यसलाई गलत खेल्यो, यो उनीहरूले गर्न नसक्ने कुरा हो' भन्दै चेतावनी दिए ।

### बजार धराशायी

शुक्रबार वाल स्ट्रिट एसिया र युरोपका समान पतनको बाटो पछ्याउँदै गिरावटमा गयो । अर्थशास्त्रीहरूले भन्सार शुल्कले वृद्धिलाई कम गर्न र मुद्रास्फीतिलाई बढावा दिनसक्ने चेतावनी पनि दिएका छन् । तर ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा उनका 'नीतिहरू कहिल्यै परिवर्तन हुने छैनन्' भनेका छन् । तथापि ट्रम्पको पछिल्लो भन्सार शुल्कमा उल्लेखनीय अपवादहरू छन् ।




स्टिल, एलुमिनियम र अटोमोबाइल आयातमा प्रभाव पार्ने हालै लगाइएको २५ प्रतिशत भन्सार शुल्कमा यी थपिएका छैनन् । साथै ह्वाइट हाउसका अनुसार तामा, औषधि, सेमिकन्डक्टर र काठ, 'केही महत्त्वपूर्ण खनिजहरू' र ऊर्जा उत्पादनहरूसँगै अस्थायीरूपमा छुट दिइएको छ । तर ट्रम्पले तामा र काठको अनुसन्धान गर्न आदेश दिएका छन् जसले चाँडै नै थप भन्सार शुल्कहरू निम्त्याउन सक्छ । उनले औषधि र सेमिकन्डक्टरजस्ता अन्य उद्योगमा पनि असर पार्ने धम्की दिएका छन् । यसको अर्थ कुनै पनि छुट सीमित हुन सक्छ ।

क्यानाडा र मेक्सिकोले उत्तर अमेरिका व्यापार सम्झौताबाहिर संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने सामानहरूमा २५ प्रतिशतसम्मको अलग भन्सार शुल्कको सामना गर्ने भएकाले ती दुवै मुलुक पछिल्लो भन्सार शुल्कबाट अप्रभावित छन् ।

### प्रतिशोधको जोखिम

ट्रम्पको तहगत समयसीमाले देशहरूलाई वार्ता गर्न ठाउँ दिए पनि उनीहरूले छुट पाउन सक्दैनन् भने चीनले पहिले नै गरेजस्तै, उनीहरूले प्रतिशोध लिने सम्भावना रहेको अक्सफोर्ड इकोनोमिक्सले यस हप्ता चेतावनी दिएको छ । इयू व्यापार प्रमुख मारोस सेफ्कोभिचले २० प्रतिशत कर दरको सामना गर्ने इयूले 'शान्त, सावधानीपूर्वक चरणबद्ध, एकीकृत तरिकाले' कार्य गर्ने र वार्ताका लागि समय दिने बताएका छन् । यद्यपि उनले भने, 'हामी हात बाँधेर बस्दैनौं ।'

इयूले अमेरिकी प्रविधि कम्पनीहरूमा कर लगाएर प्रतिक्रिया दिनसक्ने फ्रान्स र जर्मनीले बताएका छन् । जापानका प्रधानमन्त्री सिगेरु इसिबाले ट्रम्पले जापानी-निर्मित वस्तुहरूमा २४ प्रतिशत कर दर लगाएपछि 'शान्त दिमागको' दृष्टिकोण अपनाउन आह्वान गरे ।


यसैबीच ट्रम्पले दक्षिणपूर्वी एसियाली उत्पादन केन्द्रबाट हुने आयातमा ४६ प्रतिशत अमेरिकी भन्सार शुल्कको सामना गर्नुपरेको भन्दै भियतनामका शीर्ष नेतासँग 'धेरै फलदायी' कुराकानी गरेको बताए । राष्ट्रपति पदमा फर्केपछि ट्रम्पले क्यानाडा र मेक्सिकोबाट अवैध आप्रवासन र फेन्टानल लागुपदार्थका कारण आयातमा कर लगाएका छन् र चीनबाट आउने वस्तुहरूमा थप २० प्रतिशत दर लगाएका छन् । अप्रिल ९ सम्ममा चिनियाँ उत्पादनहरूमा यस वर्ष थपिएको कर दर ५४ प्रतिशत पुग्ने छ ।

ट्रम्पको २५ प्रतिशत अटो कर पनि यस हप्ता लागू भयो र जीप मालिक स्टेलान्टिसले केही क्यानाडाली र मेक्सिकाली एसेम्बली प्लान्टहरूमा उत्पादन रोकेको छ । सेन्टर फर स्ट्रेटेजिक एण्ड इन्टरनेसनल स्टडिजका अनुसार ट्रम्पको नयाँ विश्वव्यापी करहरू विश्वव्यापी व्यापार युद्धलाई ट्रिगर गर्ने र महामन्दीलाई गहिरो बनाउनका लागि सबैभन्दा बढी सम्झना गरिने स्मुट-हेली शुल्क ऐन, १९३० को कानुनपछिको सबैभन्दा व्यापक कर वृद्धि हो । अक्सफोर्ड इकोनोमिक्सको अनुमानअनुसार यस कार्यले औसत प्रभावकारी अमेरिकी कर दर २४ प्रतिशत पुर्‍याउने छ, जुन सन् १९३० को दशकमा देखिएको भन्दा पनि उच्च हो । *रासस/एएफपी*

# पपुवा न्यु गिनी तटमा ६.९ म्यागिनच्युडको भूकम्प

**सिड्नी–** पपुवा न्यु गिनीको न्यु ब्रिटेन टापुको तटमा शनिबार बिहान ६.९ म्यागिन्च्युडको शक्तिशाली भूकम्प गएको अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजिएस) ले जनाएको छ । १० किलोमिटर गहिराइमा आएको भूकम्पले सुनामी चेतावनी निम्त्याएको थियो तर त्यसलाई पछि अमेरिकी प्रशान्त सुनामी चेतावनी केन्द्रद्वारा घटाइएको थियो ।

'सबै उपलब्ध आँकडाका आधारमा यस भूकम्पबाट सुनामीको खतरा अहिले बितिसकेको छ । नजिकको निगरानीस्थलमा कुनै सुनामी अवलोकन गरिएको छैन,' केन्द्रले भन्यो । भूकम्प स्थानीय समयानुसार बिहान ६:०४ बजे आएको थियो र नजिकैको प्रमुख सहर किम्बेबाट लगभग १९४ किलोमिटर दक्षिणपूर्वमा केन्द्रित थियो ।



वालिन्दी प्लान्टेसन रिसोर्टकी कर्मचारी बारबरा आइबिलोले 'हल्का कम्पन' को महसुस गरेको बताइन् । युएसजिएसका अनुसार त्यसपछि समुद्रको उही क्षेत्र नजिकै ४.९ देखि ५.३ सम्मको प्रारम्भिक म्याग्निटचुड भएका केही साना भूकम्पहरू गएका थिए ।

पपुआ न्यु गिनीमा भूकम्पहरू सामान्य छन् । यो मुलुक भूकम्पीय 'रिङ अफ फायर' (दक्षिणपूर्व एसिया र प्रशान्त बेसिन भर फैलिएको तीव्र टेक्टोनिक गतिविधिको एक अर्क) माथि अवस्थित छ । तिनीहरूले कम जनसंख्या भएका क्षेत्रहरूमा व्यापक क्षति नपुर्‍याउने भए पनि विनासकारी पहिरोहरू निम्त्याउन सक्छन् । *रासस/एएफपी*

# म्यान्मा भूकम्पमा मृतकको संख्या ३३०० नाघ्यो



**यांगुन–** म्यान्मामा ठूलो भूकम्पबाट मर्नेहरूको संख्या तीन हजार ३०० भन्दा माथि पुगेको सरकारी सञ्चारमाध्यमले शनिबार बताएको छ । संयुक्त राष्ट्रसंघका सहायता प्रमुखले विश्वसामु विपद्ग्रस्त राष्ट्रलाई सहयोग गर्न नयाँ आह्वान गरेका छन् ।

मार्च २८ को भूकम्पले देशभरका भवन र पूर्वाधारहरू ध्वस्त पारेको छ । यसको परिणामस्वरूप तीन हजार ३५४ जनाको मृत्यु र चार हजार ५०८ जना घाइते भएको तथा २२० जना बेपत्ता भएको सरकारी सञ्चारमाध्यमले प्रकाशित गरेको नयाँ तथ्यांकले जनाएको छ ।

विपद् भएको एक हप्ताभन्दा बढी समयपछि पनि देशका धेरै मानिस अझै आश्रयविहीन छन्, या त तिनीहरूको घरहरू नष्ट भएका कारण या थप भत्किने डरले बाहिर सुत्न बाध्य छन् । संयुक्त राष्ट्रसंघको एक अनुमानअनुसार ७.७ म्याग्निच्युडको भूकम्पले ३० लाखभन्दा बढी मानिस प्रभावित भएको हुन सक्छ । यसले चार वर्षको गृहयुद्धले निम्त्याएको अघिल्लो चुनौतीहरूलाई थप जटिल बनाएको छ ।

संयुक्त राष्ट्रसंघका शीर्ष सहायता अधिकारीले शनिबार मध्य म्यान्माको मण्डाले सहरमा पीडितहरूसँग भेट गरे । मण्डाले भूकम्पको केन्द्र नजिकै अवस्थित छ र अहिले सहरभरि गम्भीर क्षति बेहोरेको छ । 'विनास आश्चर्यजनक छ,' टम फ्लेचरले एक्समा एक पोस्टमा लेखेका छन्, 'विश्व म्यान्माका जनताको साथमा उभिनुपर्छ ।'

देशको सैन्य जुन्ता प्रमुख मिन आङ ह्लाइङ शुक्रबार बैंककमा क्षेत्रीय शिखर सम्मेलनमा एक दुर्लभ विदेश यात्राबाट फर्केपछि नयाँ मृत्यु संख्या घोषणा गरिएको थियो । बैंककमा जुन्ता प्रमुखले थाइल्याण्ड र भारतका प्रधानमन्त्रीलगायत नेताहरूसँग भेट गरेका थिए । जनरलको शिखर सम्मेलनमा उपस्थितिले विवाद निम्त्याएको थियो । स्थलमा प्रदर्शनकारीहरूले उनलाई 'हत्यारा' भनेर ब्यानर प्रदर्शन गरेका थिए र जुन्ताविरोधी समूहहरूले उनको सहभागिताको निन्दा गरेका थिए । *रासस/एएफपी*

# भारतीय प्रधानमन्त्री मोदी श्रीलंकामा

## रक्षा, ऊर्जा, व्यापार र कनेक्टिभिटीसम्बन्धी सम्झौतामा हस्ताक्षर

**कोलम्बो–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी थाइल्याण्डमा सम्पन्न बिम्स्टेक शिखर सम्मेलनमा भाग लिई शुक्रबार श्रीलंका आइपुगेका छन् । प्रधानमन्त्री मोदीले सन् २०१९ मा श्रीलंकाको भ्रमण गरेका थिए । अनुरा कुमारा दिसानायकेले श्रीलंकाको राष्ट्रपतिको रूपमा कार्यभार सम्हालेपछि भारतीय उच्च अधिकारीको यो पहिलो श्रीलंका भ्रमण हो ।

प्रधानमन्त्री मोदीको यो भ्रमणका क्रममा दुई देशबीच रक्षा, ऊर्जा, व्यापार र कनेक्टिभिटीसम्बन्धी सम्झौता भएका छन् । श्रीलंकाका राष्ट्रपति दिसानायके तीन महिनाअघि भारत भ्रमणमा आएका समय सहमति भएका तर हस्ताक्षर हुन बाँकी सम्झौतामा शनिबार सहमति भएको हो । त्यतिबेला भारत र श्रीलंकाबीच एउटा महत्त्वपूर्ण रक्षा सम्झौतामा सहमति भएको देखिएको थियो ।

प्रधानमन्त्री मोदीको श्रीलंका भ्रमणका क्रममा दुई देशबीच भएको रक्षा सम्झौतालाई पछिल्लो समय भारत-श्रीलंका सम्बन्धको प्रमुख उपलब्धि मानिएको छ । श्रीलंकामा चीनको बढ्दो सैन्य प्रभावलाई कम गर्न भारतले यस सम्झौतामा हस्ताक्षर गर्नु महत्त्वपूर्ण रहेको विश्लेषकहरूले पहिले नै बताउँदै आएका थिए । भारतीय समाचार एजेन्सी पिटिआईका अनुसार दुई देशले त्रिन्कोमालीलाई ऊर्जा क्षेत्रको रूपमा विकास गर्ने सम्झौतामा पनि हस्ताक्षर गरेका छन् । प्रधानमन्त्री मोदी र राष्ट्रपति अनुरा दिसानायकेले पनि सम्पुर सौर्य ऊर्जा परियोजनाको 'भर्चुअल' उद्घाटन गरेका छन् ।

### मोदीलाई लंका मित्र विभूषण

भ्रमणका अवसरमा श्रीलंकाका राष्ट्रपतिले भारतीय प्रधानमन्त्री मोदीलाई 'लंका मित्र विभूषण' बाट पनि सम्मानित गरेका छन् । यो श्रीलंकाले अन्य देशका राष्ट्राध्यक्ष वा मित्र राष्ट्रका प्रमुखलाई प्रदान गर्ने उच्च सम्मान हो । भारत



र श्रीलंकाबीच यसअघि पनि थुप्रै महत्त्वपूर्ण सम्झौता भएका छन् । यी दुईबीच अहिलेसम्म भएका विभिन्न सम्झौता र त्यसले पार्ने प्रभावबारे दुई देशका अधिकारीहरूले भ्रमणका क्रममा चर्चा गरेका छन् ।

### मोदीको भव्य स्वागत

कोलम्बोले छिमेकी भारत र यसको सबैभन्दा ठूलो ऋणदाता चीनसँगको सम्बन्धलाई सन्तुलनमा राख्दै गर्दा श्रीलंकाका राष्ट्रपतिले शनिबार प्रधानमन्त्री नरेन्द्र मोदीलाई भव्य स्वागत गरेका छन् । राष्ट्रपति अनुरा कुमार दिसानायकेले मोदीलाई १९ तोपको सलामीसहित स्वागत गरे । वामपन्थी राष्ट्रपति दिसानायकेले गत वर्षको चुनाव जितेपछि कोलम्बो भ्रमण गर्ने मोदी पहिलो विदेशी विशिष्ट व्यक्ति हुन् ।

शुक्रबार साँझ कोलम्बो आइपुगेपछि श्रीलंकामा आफ्नो 'शानदार स्वागत' को प्रशंसा गर्दै मोदीलाई राजधानीको इन्डिपेन्डेन्स स्क्वायरमा सम्मान गारद अर्पण गरिएको थियो । कोलम्बोले नयाँदिल्ली र बेइजिङको प्रतिस्पर्धात्मक चासोसँग जुधिरहेको बेला मोदीको भ्रमण भएको हो । नयाँदिल्ली श्रीलंकामा चीनको बढ्दो प्रभावको बारेमा चिन्तित छ । यसलाई भारतले आफ्नो भूराजनीतिक प्रभावको क्षेत्रभित्र रहेको ठान्छ ।

### क्षेत्रीय सहयोगीहरू

दिसानायकेको पहिलो विदेश भ्रमण डिसेम्बरमा नयाँदिल्ली थियो । तर त्यसपछि उनले जनवरीमा बेइजिङको भ्रमण गरे । यसले श्रीलंकाको नाजुक सन्तुलन कायम राख्ने प्रयासलाई उजागर गर्दछ ।

सन् २०२२ मा श्रीलंकाले आफ्नो सार्वभौम ऋणमा डिफल्ट गर्दा १४ अर्ब डलरको द्विपक्षीय ऋणको आधाभन्दा बढी हिस्सा ओगटेको चीन श्रीलंकाको सबैभन्दा ठूलो एकल द्विपक्षीय ऋणदाताका रूपमा देखापरेको छ । चीन श्रीलंकालाई आफ्नो ऋणको पुनर्गठन गर्ने पहिलो देश पनि थियो । यस कदमले यस टापु मुलुकलाई त्यस वर्षको सबैभन्दा खराब आर्थिक मन्दीबाट उम्कन बाटो खुलाएको थियो ।

कोलम्बोले जनवरीमा चिनियाँ सरकारको स्वामित्वमा रहेको कम्पनीसँग टापुको दक्षिणमा रहेको तेल प्रशोधन केन्द्रमा तीन अर्ब ७० करोड डलर लगानी गर्ने सम्झौतामा पनि हस्ताक्षर गरेको थियो । यो श्रीलंकाको सबैभन्दा ठूलो एकल विदेशी लगानी हुने छ र टापुको अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ ।

नयाँदिल्लीले श्रीलंकामा चीनको बढ्दो प्रभावप्रति चिन्ता व्यक्त गरेको छ । मोदीको श्रीलंका भ्रमण थाइल्याण्डमा भएको शिखर सम्मेलन र क्षेत्रीय राष्ट्रका नेताहरूसँगको बैठकपछि भएको हो । थाइल्याण्डमा उनले छिमेकीहरूसँग भारतको सम्बन्धलाई सुदृढ पार्न खोजेका थिए । बैंककमा बंगालको खाडीमा सात राष्ट्रको समूह बिमस्टेक बैठकको अवसरमा मोदीले म्यानमाका जुन्ता प्रमुख मिन आङ ह्लाइङसँग दुर्लभ आमनेसामने बैठक गरेका थिए । मोदीले शुक्रबार छिमेकी बंगलादेशका अन्तरिम नेता मुहम्मद युनुससँग पनि कुराकानी गरेका थिए । यो ढाकामा क्रान्तिले नयाँदिल्लीका दीर्घकालीन मित्र शेख हसिनालाई हटाएर सम्बन्धहरू बिगारेपछि पहिलो यस्तो बैठक थियो ।

भारत हसिनाको सरकारको सबैभन्दा ठूलो हितैषी थियो र उनको पतनपछि सीमापारी सम्बन्धहरू बिग्रिएको थियो । यसको परिणामस्वरूप युनुसले गत महिना चीनमा आफ्नो पहिलो राजकीय भ्रमण गर्ने निर्णय गरे । मोदीले शुक्रबार बैंककमा आफ्ना नेपाली समकक्षी केपी शर्मा ओलीसँग पनि भेटवार्ता गरेका थिए । साथै, उनले भुटानका चेरिङ तोबगायसँग पनि भेट गरेका थिए । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७६४०० | प्रति तोला – ० | प्रति तोला – १८७० |



पर्यटकको घुइँचो | मुस्ताङको मुक्तिनाथ मन्दिरमा चैतेदसैंका अवसरमा शनिबार पूजा आराधना गर्न आएका भक्तजनको भीड । *तस्विर : सुशीलबाबू थकाली/रासस*

## व्यासमा चिस्यान केन्द्र सञ्चालन

**तनहुँ (प्रस)–** जिल्लाको व्यास नगरपालिका-११ स्थित गैह्राबारीमा तीन रोपनी क्षेत्रफलमा निर्माण गरिएको चिस्यान केन्द्र सञ्चालनमा ल्याइएको छ । चिस्यान केन्द्रका लागि आवश्यक सबै संरचना निर्माण सम्पन्न भएपनि विद्युत् ट्रान्समिटर जडानमा समस्या हुँदा एक वर्ष ढिला गरी सञ्चालनमा ल्याइएको हो ।

एक सय तीस मेट्रिकटन क्षमताको चिस्यान केन्द्र व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले विशेष पूजापछि आलु भण्डारण गरेर उद्घाटन गरे । गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा केन्द्र निर्माण गरिएको हो । केन्द्र निर्माणको जिम्मा देवचुली कन्ट्रक्सन कम्पनी प्रालिले लिएको थियो । विसं २०७८ भदौ १३ गते कम्पनीले सम्झौता गरी निर्माण अघि बढाइएको थियो ।

विद्युत् प्राधिकरणले 'थ्री फेज'को ट्रान्समिटर जडान गरेपछि केन्द्र सञ्चालनमा ल्याइएको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिए । उनका अनुसार प्रारम्भिक ठेक्का रकम रु एक करोड ६२ लाख ३२ हजार २४६ रहेकामा थप रु १९ लाख ९८ हजार ६२७ वृद्धि भई करसहित रु करोड ९१ लाख ३२ हजार ७२२ पुगेको छ । विसं २०८० असोजमा पहिलो चरणको निर्माण सम्पन्न गरी गत असार मसान्तभित्र दोस्रो चरणमा वरिपरि बार, प्रवेशद्वार, शौचालयलगायत भौतिक संरचना निर्माण गरिसकिएको थियो ।

विद्युत् ट्रान्समिटर जडान कार्यमा ढिलाइ हुँदा सञ्चालनमा ल्याउन एक वर्ष ढिला भएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिए । उनकाअनुसार वर्षौंदेखि व्यक्तिले कब्जा गरेर भोगचलान गर्दै आएको सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गरी चिस्यान केन्द्र निर्माण गरेको हो । आगामी आर्थिक वर्षदेखि व्यास नगरपालिकामा उत्पादन भएका आलु, सुन्तलालगायत फलफूल र तरकारी पूर्णरूपमा भण्डारण गरी राख्न सकिने गैरेले बताए ।

नगरपालिकामा चिस्यान केन्द्र निर्माण भएपछि वार्षिक करिब रु पाँच करोड बाहिरिनबाट रोकिने व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए । 'व्यासमा चिस्यान केन्द्र सञ्चालनमा आएपछि आलु, फलफूल, तरकारीलगायत कृषिउपज भण्डारण गरी सुरक्षित राख्न सकिन्छ । योसँगै कृषिउपज भण्डारणका लागि पोखरा र चितवन लैजानुपर्ने समस्याको अन्त्य हुने विश्वास गरेका छौं', उनले भने ।

## 'चीनसँगको व्यापार घाटा घटाउनुपर्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले चीनसँगको व्यापारमा नेपालको ठूलो व्यापार घाटा रहेकाले घटाउनुपर्नेमा जोड दिएका छन् । नेपाल हिमालय सीमापार वाणिज्य संघको २५औं वार्षिक साधारणसभा तथा रजत जयन्ती समारोहलाई सम्बोधन गर्दै उनले यसलाई कम गर्न नेपाली उत्पादनको निर्यात बढाउनु अत्यावश्यक रहेको र जडीबुटी, हस्तकला, कृषि उत्पादन, तयारी पोसाक जस्ता क्षेत्रमा विशेष जोड दिनुपर्ने बताए ।

'नेपाली उत्पादनहरूको प्रवर्द्धनमा संघले अग्रणी भूमिका खेल्न सक्छ, नेपाली वस्तु तथा सेवाको विविधीकरण, गुणस्तर सुधार र 'ब्रान्डिङ'मा जोड दिनुपर्छ, चिनियाँ बजारमा नेपाली उत्पादनको पहुँच बढाउन सरकारका तर्फबाट विभिन्न व्यापार मेला तथा प्रदर्शनीमा सहभागितालाई प्रोत्साहन गरिँदैछ, चीनसँगको व्यापारमा नेपाली व्यवसायीलाई सहजीकरण गर्न विदेशी विनिमय नीतिमा केही लचकता ल्याइएको छ, चिनियाँ भाषा, व्यापारिक संस्कृति र प्रक्रियाबारे जानकारी दिन विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिएका छन्', उनले भने ।

मन्त्री भण्डारीले नेपाल सरकारले नेपाल-चीन व्यापारलाई सहज बनाउन तातोपानी र रसुवागढी नाकाको स्तरोन्नति तथा पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको, चीनसँगको व्यापारलाई सहज बनाउन 'नेपाल-चीन व्यापार सहजीकरण समिति' गठन गरेको, सीमापार व्यापारलाई सहज बनाउन विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गरेको, रसुवागढी-केरुङ नाकामा सुख्खा बन्दरगाह निर्माणको कार्य अघि बढाएको, 'एक स्टेसन, एक उत्पादन' कार्यक्रममार्फत स्थानीय उत्पादनलाई प्रोत्साहन गरेको र नेपाली उत्पादनहरूको गुणस्तर सुधारका लागि प्राविधिक सहयोग प्रदान गरेको जानकारी दिए ।

यस्तै उनले कोरला, हिल्सा, किमाथांका, ओलाङचुङगोला जस्ता नाकाको विकासका लागि पनि सरकारले कार्ययोजना तयार पारेको बताए । उनले भने, 'सरकार सधैं निजी क्षेत्रको साथमा छ र हामी मिलेर नेपालको व्यापार क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सक्छौं भन्ने विश्वास राख्दछु, चीनसँगको व्यापारलाई सन्तुलित, दिगो र पारस्परिक लाभदायक बनाउन सरकारी र निजी क्षेत्रको सहकार्य अपरिहार्य छ ।'

मन्त्री भण्डारीले संघले स्थापनाकालदेखि वर्तमानसम्मको यात्रा तय गरेर यहाँसम्म आइपुग्दा नेपाल-चीन द्विपक्षीय व्यापार अभिवृद्धि, जनसमुदायबीचको सम्बन्ध सुदृढीकरण तथा औद्योगिक सम्बन्ध प्रवर्द्धनमा अतुलनीय योगदान प्रदान गर्दै आएको बताए । सरकारी निकायसँगको समन्वयमा वाणिज्य कूटनीतिलाई बढावा दिन संघले महत्वपूर्ण भूमिका खेल्न सक्ने मन्त्री भण्डारीको भनाइ थियो । चीनका विभिन्न प्रान्त र सहरमा नेपाली उत्पादनको पहुँच बढाउन व्यापारिक 'मिसन', प्रदर्शनी र सांस्कृतिक आदानप्रदानका कार्यक्रम आयोजना गर्न सकिने उनले बताए ।

उनले सरकारलाई व्यापारसम्बन्धी नीति निर्माणमा व्यावहारिक सुझाव दिन संघले निरन्तर रूपमा अध्ययन, अनुसन्धान र छलफल गर्नुपर्नेमा जोड दिए । मन्त्री भण्डारीले भने, 'चिनियाँ व्यापारिक संघसंस्थासँग समन्वय र सहकार्य बढाउनुपर्छ, चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न आकर्षित गर्न पनि संघले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।'

## नगरकोट भ्रमण वर्ष सफल पार्न ऐक्यबद्धता

**भक्तपुर–** आगामी वैशाख १ गतेदेखि सुरु हुने 'नगरकोट भ्रमण वर्ष-२०८२' सफल पार्न तीन जिल्ला र चार नगरपालिकाका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, उद्योगी एवं सरोकारवाला निकायले प्रतिबद्धता व्यक्त गरेका छन् ।

चाँगुनारायण, मण्डनदेउपुर, बनेपा र शङ्खरापुर नगरपालिकाले नगरकोटमा शनिबार संयुक्त रूपमा आयोजना गरेको भक्तपुर, काठमाडौं, काभ्रेपलाञ्चोकका तीन जिल्ला समन्वय समिति र नगरपालिकाको प्रमुख एवं प्रतिनिधिबीच भएको भ्रमण वर्षबारे छलफल कार्यक्रममा सहभागी प्रमुखहरूले भ्रमण वर्षलाई एक वर्षभरि नै भव्य बनाउने प्रतिबद्धता व्यक्त गर्दै नेपाल सरकारले नगरकोटलाई पर्यटकीय क्षेत्र घोषणा गर्नुपर्ने बताए ।

कार्यक्रममा पूर्वप्रदेशसभा सदस्य राजु विष्टले नगरकोट भ्रमण वर्षले नगरकोटसँग जोडिएको तीन जिल्ला र चार नगरपालिकाको पर्यटन विकासमा ठूलो टेवा पुऱ्याउने बताए । उनले बौद्ध जोरपाटीबाट शङ्खरापुर, नगरकोट हुँदै धुलिखेलसम्म जाने सडक, नगरकोटबाट कात्तिके बजार जाने सडक मार्गबाट आन्तरिक पर्यटकको विकासमा यसले टेवा पुऱ्याउने बताए । शंखरापुर नगरपालिकाले भ्रमण वर्ष सफल पार्न समान साझेदारीसँगै विभिन्न कार्यक्रम आयोजना गर्ने बताए ।

कार्यक्रममा बाग्मती प्रदेशसभाका पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य कञ्चनवादे श्रेष्ठले नगरकोट मात्रै नभई चारवटै पालिकाकाको पर्यटन विकास गर्न नगरकोट आवतजावत गर्ने ११ वटा नाका एवं सडकको प्रचार गर्नुपर्ने बताए । नगरकोट आउने पर्यटकको यात्रा र बसाइ लम्ब्याउन विभिन्न नयाँ कार्यक्रमसँगै नगरकोट-धुलिखेल साइकल मार्ग सञ्चालनमा ल्याउनुपर्ने औँल्याए ।

जिल्ला समन्वय समितिका प्रमुखहरूका तर्फबाट दीपककुमार गौतमले विश्वमा नगरकोटको नामबाट चिनिने नगरकोट भ्रमण वर्ष सफल भएमात्रै नेपाल भ्रमण हुने बताउँदै नगरकोट आएका सडकदेखि विभिन्न चुनौतीलाई चिर्दै भ्रमण वर्ष सफल पार्न तीनवटै जिल्ला समन्वय समितिले भूमिका निर्वाह गर्ने बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारीहरूका तर्फबाट भक्तपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले सामान्य परिवारदेखि मध्यम वर्गीय परिवारसम्म नगरकोट आएर बस्न सक्ने गरी प्याकेज सर्वजनिक गर्नुपर्ने भन्दै तीन तहका सरकारसँग समन्वय गर्दै भ्रमण वर्ष अगाडि बढाउनुपर्ने बताए । नगरकोट आएर एक रात बस्छु भन्ने जोकोही नेपालीले सहजै बस्न र खान सक्ने गरी प्याकेज ल्याउन सकेमात्रै भ्रमण वर्षमा निम्न, मध्यम र उच्च वर्गका व्यक्तिको पारिवारिक भ्रमण राख्न सकिने उनले बताए । उनले नगरकोट भ्रमण वर्ष सफल पार्न तीनवटै जिल्लाका प्रमुखहरूले सुरक्षा व्यवस्थादेखि आवश्यक सहयोग गर्ने बताए ।

चाँगुनारायणका नगर प्रमुख जीवन खत्रीले आउँदो वैशाख १ गते राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरी ३ गतेसम्म नगरकोटमा भव्य रूपमा भ्रमण वर्षका विभिन्न कार्यक्रम आयोजना गरिने बताए । उनले नगरकोटलाई मुख्य पर्यटकीय विन्दु बनाएर आयोजना हुने नगरकोट भ्रमण वर्षले चाँगुनारायण, काठमाडौंको शङ्खरापुर, काभ्रेपलाञ्चोकको मण्डन देउपुर र बनेपा नगरपालिकाको समृद्धिको यात्रालाई जोडेर लैजाने बताए ।

नगर प्रमुख खत्रीले भने, 'नगरकोट जाने सडक बिग्रिएको छ भनेर अल्झिने वा अलमलिने नगरौं, हामी भक्तपुर-नगरकोट सडक सुधार गर्दैछौं, साथै नगरकोट आउने भक्तपर, काठमाडौं र काभ्रेका अरू नाकाबाट पनि पर्यटक ल्याउन सकिने सडक छन्, सबै पालिकाले आफ्ना नगरपालिका क्षेत्रबाट नगरकोट पर्यटक भित्र्याउने काम गर्नेछौं, नगरकोट केन्द्रविन्दु बनाएर १२ महिनामा मुख्य १२ वटा पर्यटक लक्षित कार्यक्रम हुनेछ, साथै अरू समयमा आ-आफ्नो नगरपालिका क्षेत्रमा पर्यटकीय गन्तव्य बनाएर कार्यक्रम गर्नेछौं, ओझेलमा परेका पर्यटकीय गन्तव्यको पहिचान गर्नेछौं ।'

नगरकोट भ्रमण वर्षले तीन जिल्ला र चार नगरपालिकालाई समृद्ध बनाउने उनले गरे । उनले भ्रमण वर्ष लक्षित गरेर प्रदेश र संघीय सरकारसँगको सहकार्यमा पूर्वाधार विकासको कामलाई अगाडि लैजाने, आव २०८३/८४ मा अझै धेरै सङ्ख्यामा पर्यटक भित्र्याउने, एक दिन हैन, पाँच दिन बस्ने पर्यटकको बसाइ लम्ब्याउने गरी दीर्घकालीन विकासका कार्य र गन्तव्य पहिल्याउने बताए ।

उनले भने, 'नगरकोटलाई स्वदेशी तथा विदेशी पर्यटकको प्रस्थान विन्दु बनाएर भ्रमण वर्षको आयोजना गरेका छौं ।' विश्व सम्पदामा रहेको चाँगुनारायणदेखि नगरकोटसम्म र ताथलीसम्म वडा नं १ देखि ९ सम्मका प्रत्येक क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने, त्यहाँका सम्पदालाई उजागर गर्ने, उत्पादन प्रदर्शन गर्ने, प्रत्येक महिनामा प्रत्येक वडामा छुट्टै महोत्सव गर्ने र अरू नगरपालिकाले पनि नगरकोटमा संयुक्त र आफ्ना नगरपालिका क्षेत्रमा पर्यटकीय गतिविधि गर्ने गरी तयारी गरेको बताए ।

कार्यक्रममा बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यले नगरकोट भ्रमण वर्ष सफल पार्न होटल र पर्यटन व्यवसायीले सकारात्मक भूमिका तथा सहयोग गर्नुपर्ने बताउँदै हिमाल र सूर्योदय सूर्यास्त हेर्न मात्रै होइन नगरकोटमा धेरै कुरा हेर्न र जान्न सकिन्छ भनेर पर्यटक ल्याउने आधार तयार पर्नुपर्ने बताए ।

भ्रमण वर्षमा नगरकोट हुँदै कलमसी, दुलाल गाउँबाट काभ्रेसम्म ग्रामीण पर्यटनसँग पर्यटकलाई जोड्ने, पुरानो गढी, बनेपा गुम्बा, नगरकोट टावर, हिले जलजले तालदेखि अनगिन्ती पर्यटकीय क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने, बनेपाबाट २० मिनेटमा नगरकोट पुग्ने सडक कालोपत्र सुरु गरेको पनि बताए ।

कार्यक्रममा मण्डनदेउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइबाले नगरकोटको पहिचानलाई विश्वभर पुर्याउन भ्रमण वर्ष सफल हुने बताउँदै चार पालिकाको संगमस्थल नगरकोटको विकासमा चारवटै पालिकासँग जुटेर सबै पालिकामा यहाँका नयाँ पर्यटकीय गन्तव्यमा पर्यटक पुऱ्याउने बताए । होटल व्यवसायीले घोषणा गरेको १० प्रतिशत छुटको प्याकेज अपुग भएको भन्दै उनले नगरपालिका र बाग्मती प्रदेश सरकारको रु २८ करोडको लागतमा नगरकोटलाई खानेपानीको व्यवस्था गरेको बताए । *रासस*

## सानिमा बैंकका कार्ड प्रयोगकर्तालाई एपोलो अस्पतालमा विशेष छुट




**काठमाडौं (प्रस)–** सानिमा बैंकले आफ्ना ग्राहकहरूलाई भारतको एपोलो अस्पतालमा विशेष छुट प्रदान गर्न एच. मेडिकल एण्ड डायग्नोस्टिक प्रा. लि.सँग सहकार्य गरेको छ । सानिमा भिसा डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताहरूले एपोलो अस्पतालमा डिजिटल भुक्तानी गर्दा अन्तिम बिलमा १० प्रतिशतको छुट प्राप्त गर्न सक्नेछन् । चेन्नई, बैंगलोर, नवी मुम्बई, अहमदाबाद र कोलकातामा रहेको अपोलो अस्पताल, चेन्नईमा रहेको अपोलो क्यान्सर इन्स्टिच्युट, हैदराबादमा रहेको अपोलो हेल्थ सिटी, नयाँ दिल्लीमा रहेको इन्द्रप्रस्थ अपोलो अस्पताल र चेन्नईमा रहेको अपोलो प्रोटोन क्यान्सर सेन्टरमा छुट प्राप्त गर्न सकिन्छ ।

ग्राहकहरूले छुटका लागि अस्पताल जानु अघि बैंक वा एच.मेडिकल एण्ड डायग्नोस्टिक प्रा. लि. लाई जानकारी गराउनु पर्नेछ । सानिमा बैंकको देशको सातै प्रदेशमा १३४ वटा कार्यालयहरू तथा १२६ वटा ए.टि.एमहरू संचालनमा रहेका छन् । बैंकले यसैगरी ग्राहकहरूलाई विभिन्न छुट तथा अफरहरू प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ